“स्वरोजगार विकासको पूर्वाधार, धान्याञ्चल नै एकमात्र आधार”

दर्ता नं.: २३३२/०६५/६६
पान नं.: ३०३६९७४५१

# धान्याञ्चल बचत तथा ऋण सहकारी संस्था लि.

## DHANYANCHAL SAVING & CREDIT CO-OPERATIVE LTD.

वनस्थली, काठमाडौं, नेपाल, फोन नं.: ०१-४९८६७०४, ५९०६७०४



15th
ANNUAL GENERAL MEETING




## वार्षिक प्रतिवेदन २०८०/०८१

# सञ्चालक समिति



**भविश्वर घिमिरे**
अध्यक्ष



**कृष्ण प्रसाद अधिकारी**
उपाध्यक्ष



**तुलसी घिमिरे**
सचिव



**यसपाल शर्मा घिमिरे**
कोषाध्यक्ष



**भगवती बस्नेत**
सदस्य



**भगवता घिमिरे**
सदस्य



**उर्मिला पराजुली**
सदस्य



**प्रकाश घिमिरे**
सदस्य



**मोतिलाल पोखरेल**
सदस्य

## लेखा सुपरिवेक्षण समिति



**राम चन्द्र भुसाल**
लेखा समिति, संयोजक



**तेज बहादुर पन्थी**
लेखा समिति, सदस्य



**सागर गौतम**
लेखा समिति, सदस्य

## सल्लाहकारहरु



पुष्पा भुषाल



रेवती प्रसाद भुसाल



डा. मुक्तिराम श्रेष्ठ



दुण्डीराज पोखेल



प्रा. माधवराज गौतम



प्रा. मोहन प्रसाद पन्थी



प्रा. डा. देव ब. खड्का



शालिकराम घिमिरे



शिवलाल वेलवासे



नरेश कुमार अधिकारी



प्रा. डा. हेमराज सुबेदी



सागरमणी पराजुली



दक्ष पौडेल



डा. रामशरण थपलिया



कविता रिजाल



हरि सिंह के.सि.



यादव प्रसाद घिमिरे



गणेश चौधरी



# सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको राष्ट्रिय गान

सयौँ थुङ्गा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।

प्रकृतिका कोटी–कोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई,पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय..... जय..... नेपाल ।

## सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरू

तल उल्लेखित सहकारी सिद्धान्तहरू अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) ले सहकारी संस्थाहरूले आफ्ना मूल्यहरूलाई व्यवहारमा उतार्नका लागि प्रतिपादन गरेका मार्गदर्शनहरु हुन् ।

१) स्वेच्छिक तथा खुल्ला सदस्यता
(Voluntary and Open Membership)

२) सदस्यहरूद्धारा प्रजातान्त्रिक नियन्त्रण
(Democratic Member Control)

३) सदस्यहरूको आर्थिक सहभागिता
(Member Economic Participation)

४) स्वायत्तता तथा स्वतन्त्रता
(Autonomy and Independence)

५) शिक्षा, तालिम र सूचना
(Education, Training & Information)

६) सहकारी संस्थाहरूका बिच सहयोग
(Co–operation among Co–operatives)

७) समुदायप्रति चासो
(Concern for Community)

# विषयसूची


| क्र.सं | विषय | पेज नं. |
|---|---|---|
| १. | पन्ध्रौं वार्षिक साधारणसभासम्बन्धी सूचना | १ |
| २. | सहकारी सुशासनमा सञ्चालक, कर्मचारी तथा सेयर सदस्यमा हुनुपर्ने आचारण तथा भूमिका एवं चुनौती | २ |
| ३. | सञ्चालक समितिको तर्फबाट अध्यक्षद्धारा प्रस्तुत वार्षिक प्रतिवेदन | ११ |
| ४. | लेखा संयोजकको प्रतिवेदन | २८ |
| ५. | पुरस्कृत व्यक्तिहरू | ३१ |
| ६ | स्वतन्त्र लेखा परीक्षण प्रतिवेदन | ३२ |
| ७ | विभिन्न विभागहरू | ५३ |

पत्र संख्याः ०८१/८२
चलानी नंः १३

श्री ........................................................ज्यू
..................................................................
..................................................................

मितिः २०८१/०८/१३

**विषय : पन्ध्रौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

उपर्युक्त सम्बन्धमा यस धान्याञ्चल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८१/०७/२४ गते बसेको सञ्चालक समितिको वर्ष १५, १२१ औं बैठकको निर्णय अनुसार तपसिल बमोजिमका विषयहरूमा छलफल गर्ने गरी यस संस्थाको पन्ध्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा सम्पन्न हुने व्यहोरा अवगत गराउँदै उक्त वार्षिक साधारण सभामा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका विषयहरू :**

क) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८०/२०८१ को प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
ख) लेखा समितिको तर्फबाट लेखा संयोजकज्यूद्वारा प्रस्तुत आ.व. २०८०/२०८१ को प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
ग) आ.व. २०८०/२०८१ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात तथा नाफा/नोक्सान हिसाब छलफल पारित गर्ने ।
घ) आ.व. २०८१/२०८२को लागि लेखापरीक्षकको नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने ।
ङ) साधारण सभाको निर्णय पुस्तिका (माइन्युट) प्रमाणित गर्न शेयरधनीका तर्फबाट १० जना प्रतिनिधि छनौट गर्ने ।
च) संस्थाका नीतिहरूमा आवश्यक संशोधन गर्ने तथा थप आवश्यक नीति, निर्देशिका र कार्यविधि तयार गरी कार्यान्वयन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
छ) संस्था समायोजन (Merge) सम्बन्धी आवश्यक रणनीति तयार पार्ने ।
ज) संस्थाको भावी नीति तथा कार्यक्रम तय गरी पारित गर्ने ।
झ) विविध ।

**कार्यक्रम :**

मिति : २०८१ साल पौष २० गते शनिबार ।
समय : बिहान ठिक ०८:०० बजे ।
स्थान : चोभार, काठमाडौँ ।

तुल्सीराम घिमिरे
सचिव
सञ्चालक समितिको आज्ञाले

## सहकारी सुशासनमा सञ्चालक, कर्मचारी तथा सेयर सदस्यमा हुनुपर्ने आचरण, भूमिका तथा पदीय मर्यादा

– भविश्वर घिमिरे
अध्यक्ष

सामान्यतया सहकारीमा सुशासन भन्नाले सहकारीको दर्शन, मूल्य, मान्यता, सिद्धान्त, ऐन, नियम एवं विनियमहरूका आधारमा सहकारीकर्मीहरूको मर्यादित तथा विश्वसनीय आचरण, व्यवहार र सर्वमान्य व्यावहारिक अभ्यास स्थापित गरी संस्थामा सुशासन कायम गरी खुल्ला तथा स्वेच्छिक सदस्यको प्रजातान्त्रिक नियन्त्रण, सदस्यहरूको आर्थिक सहभागिता, स्वायत्तता तथा स्वतन्त्रता, शिक्षा तालिम तथा सूचना, सहकारीहरू बिच सहयोग र समुदायप्रतिको चासो लगायतका अन्तर्राष्ट्रिय मान्यता प्राप्त सिद्धान्तहरू सम्झनुपर्छ । सहकारी, समाजमा व्यक्तिहरूको सामूहिक भावना र क्रियाशीलताको पुँजी हो र समुदायका सदस्यहरूको आफ्नो इच्छाको संस्था, आफ्नो क्षमताको व्यवसाय र आफ्नो भावनाको अभियान पनि हो । यसमा सदस्यहरु आफ्नो भावना, सामर्थ्य र चाहनामा आफूहरूको सामूहिक लाभका लागि स्वयम् परिचालित हुन्छन् । नेपालमा सहकारीको इतिहास २०१३ सालदेखिको भए तापनि सहकारी अभियानको प्रारम्भ विशेष गरी सहकारी ऐन २०४८ पारित भएपश्चात् मात्र भएको हो । नेपालको सहकारी अभियानले ७ दसक लामो यात्रा पार गरिसकेको छ । नेपालको संविधानले सहकारी क्षेत्रलाई समाजवाद उन्मुख हस्तन्तरण निर्माण र आर्थिक विकासको एक खम्माका रूपमा लिएको छ । सहकारी कुनै स्थान विशेषमा बसोवास गर्ने व्यक्तिहरु एकत्रित भई वा समान पेसा ,व्यवसाय र कार्य गर्ने व्यावसायिक परिपाटी हो र व्यक्तिहरु स्वैच्छिक रूपमा सदस्य बनी सामूहिक पहलमार्फत आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि सहकार्य गर्ने माध्यम हो । समूहमा छरिएर रहेको पुँजी, प्रविधि र प्रतिभालाई एकत्रित गरी सेयर सदस्यमार्फत व्यावसायिक कार्य सञ्चालन गर्ने एवम् सामुदायिक सशक्तीकरणका लागि प्रतिबद्ध र स्वायत्त सङ्गठन हो सहकारी र यसले समान आर्थिक स्तर, इच्छा, रूचि र आवश्यकता भएका तथा एउटा निश्चित भूगोलमा वसोवास गर्ने वा समान प्रकृतिका कार्यमा संग्लन भएका मानिसहरूले आपसी हितका निम्ति आर्थिक कारोबार गर्न स्थापित गरिएको संस्था भन्ने बुझाउँछ । यसको स्वामित्व सामूहिक हुन्छ । यसमा कुनै एउटा व्यक्ति वा समूहको स्वामित्व हुँदैन, अर्थात् सबै सेयर सदस्य संख्यामा समान दर्जाका मालिक हुन्छन् र सदस्य बन्न निश्चित जिम्मेवारी वहन गर्नु पर्दछ । एकआपसमा मिलेर बस्नु, मिलेर सोच्नु र मिलेर काम गर्नु नै सहकारी हो । सहकारीका उद्देश्यहरु समय परिवेश र विषयगत हिसाबले फरक फरक हुने सम्भावना रहे पनि मूलभूत रूपमा न्यायिक उद्देश्य, आर्थिक उद्देश्य, सामाजिक तथा सांस्कृतिक उद्देश्य, शैक्षिक उद्देश्य छन् भने खुला प्रजातान्त्रिक नियन्त्रण, समानता, अनवरत शिक्षा, आर्थिक स्वामित्व आदि यसका सिद्धान्त हुन् ।

विश्वका धेरै मुलुकहरूले सहकारीका माध्यमबाट गरिबी न्यूनीकरण गर्दै देशको आर्थिक विकासमा उल्लेखनीय योगदान गरेको देखिन्छ । यसै सन्दर्भमा नेपालजस्तो न्यून आर्थिक वृद्धिदर भएको मुलुकले पनि गरिबी न्यूनीकरणका लागि सहकारीको व्यावसायिक प्रयोगमा जोड दिनु अपरिहार्य भएको छ । सहकारी क्षेत्रलाई राज्यले एउटा प्रमुख आर्थिक स्तम्भको रूपमा स्वीकार गरेको छ । मुलुकभरि सहकारी संघ/संस्थाले गरिबी न्यूनीकरणका लागि महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् । जनचेतना, महिला सशक्तीकरण, सामूहिक वातावरण तथा हाम्रो भन्ने भावना विकास गर्ने कार्यक्रममा सहकारीको योगदान उल्लेखनीय रहेको छ । वर्तमान समयमा अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगट्न सफल हुँदै आएको सहकारी क्षेत्रको सहभागिताविना राष्ट्रिय अर्थतन्त्र बलियो हुन सक्दैन ।

सञ्चालक समिति सहकारी संस्था कुशल रूपमा सञ्चालन गर्ने एक जिम्मेवार र आधिकारिक निकाय हो । संस्थाका सम्पूर्ण सदस्यले प्रजातान्त्रिक तरिकाबाट निर्वाचन गरी सञ्चालक समितिको गठन गरिन्छ भने संस्था सञ्चालन गर्न स्वयम् नीतिनियम बनाउने देखि लिएर सेवाहरूको विकास एवम् विस्तार तथा संस्थाको सम्पूर्ण कारोबारको रेखदेख एवम् नियमको जिम्मा सञ्चालक समितिको नै रहन्छ । कर्मचारीको नियुक्ति, उनीहरूको श्रम एवम् मूल्याङ्कन, सेवा सुविधाको व्यवस्था तथा उनीहरूलाई पुरस्कृत तथा दण्डित गर्ने अभिभारा समेत सञ्चालक समितिको हुने भएकोले सञ्चालक समितिका पदाधिकारीहरु योग्य, कुशल इमानदार, सक्रिय, समय व्यवस्थापन गर्न सक्ने, अरूको कुरा सुन्न सक्ने, अध्ययनशील, विवेकी र संस्थाको हितमा सधै प्रतिबद्ध हुनु जरूरी हुन्छ । व्यक्तिभन्दा संस्थालाई माथि राखी दिएको जिम्मेवारी पूरा गर्न सक्ने व्यक्तिले मात्र सञ्चालकमा प्रतिनिधित्व गर्नुपर्दछ । त्यसै गरी लेखा सुपरिवेक्षण समितिलाई सहकारी संस्थाको सञ्चालक समितिले गरेका सम्पूर्ण क्रियाकलापको निरीक्षण एवम् मूल्याङ्कन गर्न साधारणसभाले निर्वाचित गरेको शक्तिशाली निकायको रूपमा लिइन्छ । यस समितिले सहकारी संस्थामा कुनै किसिमको अनियमितता

हुन नदिन निरन्तर रूपमा संस्थाको सम्पूर्ण हिसावकिताब एवम् क्रियाकलापको निरीक्षण गरी आन्तरिक नियन्त्रण गर्नुपर्दछ । सदस्यलाई छिटोछरितो तथा सुरक्षित तरिकाबाट ऋण प्रदान गर्नको लागि संस्थामा ऋण उपसमितिको व्यवस्था गरिएको हुन्छ । यो उपसमितिमा सञ्चालक समितिका सदस्य एवम् पदधिकारीहरूमध्येबाट एक संयोजक र बाँकी दुईजना साधरण सदस्यहरु मध्येबाट सञ्चालक समितिले मनोनित गर्न सक्दछन् । ऋण उपसमितिको काम सदस्यले पेस गरेका ऋण माग फारमहरु केलाई उनीहरूले माग गरेको ऋण आवश्यक हो होइन, धितोको व्यवस्था के छ, सदस्यले ऋण तिर्ने स्रोत के हो, उसको चरित्र के हो आदि कुराको मूल्याङ्कन गरी ऋण स्वीकृत गर्नु हो । सदस्यहरूलाई सहकारीसम्बन्धी शिक्षा, संस्थाको नीतिनियम सम्बन्धी सम्पूर्ण कुराको जानकारी तथा विभिन्न सीपमूलक तालिम दिने उद्देश्यले शिक्षा उपसमितिको गठन गरिएको हुन्छ । शिक्षा उपसमितिमा सञ्चालक समितिका सदस्य एवम् पदाधिकारीबाट एकजना संयोजक र बाँकी दुईजना साधारण सदस्य रहन्छन् ।

सदस्यहरूले चाहे साधारण सभा होस् चाहे संस्थाले बोलाएका शिक्षासम्बन्धी कार्यक्रममा होस् आफ्नो सहभागितालाई सक्रिय रूपमा कायम राख्न सक्नुपर्छ । संस्थाको योजना, निर्माण, उत्पादन तथा सेवाको विकास, उद्यमी निर्माणमा नमुना प्रस्तुत गर्न सक्नुपर्छ । साधारणसभामा उपस्थिति र सक्रिय सहभागिता, सहकारी शिक्षा, कानुनी शिक्षा, वित्तीय साक्षरता, ऋण शिक्षा आदिमा जति आफ्नो सक्रिय उपस्थिति देखाउँछन् संस्था त्यति नै सबल र सक्षम हुनजान्छ । सिकाइ निरन्तर चलिरहने प्रक्रिया हो र यो कहिल्यै पूर्ण हुँदैन भन्ने कुरालाई सबैले मनन गर्दै सहकारी शिक्षा अर्थात् तालिममा अधिकतम सहभागिता जनाउन आवश्यक छ ।

सहकारीका सदस्यहरूले आफ्नो संस्थाप्रति विश्वास गर्नुपर्दछ । सदैव सकारात्मक सोच राखी संस्थाको वृद्धि र विकासमा आफ्नो योगदानलाई महत्त्वका साथ कायम राख्न सक्नुपर्दछ । संस्थामा आफूले सक्रिय आर्थिक सहभागिता जनाउँदै सहभागिताको स्तर वृद्धिमा ध्यान दिनुपर्दछ । आफ्नो सेयर पुँजीमा नियमित वृद्धि, बचतका उत्पादन तथा सेवामा सक्रिय सहभागिता, सम्पूर्ण वित्तीय सेवामा आफूलाई केन्द्रित गर्नु आवश्यक छ । त्यस्तै ऋण सेवाको उपयोग गरी ऋणलाई उत्पादनसँग जोडेर आफ्नो जीवनस्तर परिवर्तनमा आफूले आफैलाई सहयोग गर्नु आवश्यक छ । ऋणको सदुपयोग र उद्यमशीलताको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्नुपर्छ । समयमा बचत गर्न र समयमा ऋण असुली गरी वित्तीय अनुशासन कायम राख्न सक्नुपर्छ ।

सदस्यहरूले संस्थाामा जति सक्रिय आर्थिक सहभागिता देखाउँछन्, जति संस्थााका विनियम र नीतिनियमको परिपालना गर्दछन्, संस्थााको प्रगति त्यति नै सबल हुने गर्दछ । जसले गर्दा संस्थाको छवि निर्माण भई संस्थाको प्रतिष्ठा कायम हुन जान्छ ।

सहकारी शिक्षा सम्पूर्ण सहकारीसम्बद्ध व्यक्तिहरूका लागि अत्यावश्यक हुन्छ । जबसम्म सञ्चालक समितिका पदाधिकारीहरूमा सहकारी शिक्षा हुँदैन तबसम्म संस्था लक्ष्यमा पुग्न सक्दैन । सिकाइका लागि तत्परताका साथै अपनत्वको भावना हुनुपर्दछ । सञ्चालक समितिका पदाधिकारीहरूमा संस्थाप्रतिको प्रतिबद्धताको आवश्यकता पर्दछ, जिम्मेवारीबोधको आवश्यकता पर्दछ र साथै संस्था मेरो हो र मैले जिम्मेवारी बहन गर्नुपर्दछ भन्ने भावना जागृत हुनु पर्दछ । साथसाथै पदाधिकारीहरु हरेक खालका अवस्थासँग परिचित हुनुपर्दछ । संस्थाले राखेका हरेक कार्यक्रममा सक्रिय उपस्थितिको सुनिश्चितता हुनुपर्दछ । कुनै पनि काम गरिरहँदा त्यसलाई बोझका रूपमा नलिई आनन्दको अनुभूति गर्ने र काममा रमाउने बानीको विकास गर्नु जरूरी हुन्छ । हरेक सदस्य संस्थाको स्थापनाको उद्देश्यमा प्रतिबद्ध हुनुपर्दछ र संस्थाले विधिसम्मत गरेका निर्णयहरूलाई कार्यान्वयनमा लैजान भूमिका खेल्नुपर्दछ ।

संस्थााका नीतिनियमहरूको पूर्ण परिपालना गर्दै बफादार सदस्य र सक्रिय सदस्य बन्ने बाटोमा आफूलाई अग्रसर तुल्याउनु पर्दछ ।

**समितिका पदाधिकारी तथा सदस्यहरूले पालना गर्नुपर्ने आचारसंहिता**

- ❑ आफ्नो वा कसैको व्यक्तिगत लाभ वा प्रतिशोधकालागि सहकारी नियमन गर्ने निकायमा उजुरीदर्ता वा कुनै कार्य गर्न गराउन लगाउनुहुँदैन ।

- आफ्नो पदीय दायित्वको दुरुप्रयोग गरी व्यक्तिगत लाभ लिन वा दलगत राजनैतिक स्वार्थ पूर्ति गर्न नहुने,
- जानी जानी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संस्थाको आदर्श तथा हित विपरीत हुने कुनै पनि क्रियाकलापमा संलग्न हुन नहुने
- संस्थासंग कुनै पनि प्रकारको सापटी लिन नहुने, बुझाउनु पर्ने पेस्की, ऋण/किस्ता समयमानै चुक्ता गर्नु पर्ने र कुनै पनि प्रकारको हिनामिनामा संलग्न हुन नहुने,
- संस्थाको अहित हुने गरी प्रतिस्पर्धी हुने खालको कुनै व्यक्तिगत व्यवसाय वा कारोवार सञ्चालन गर्न नहुने
- व्यक्तिगत लाभ आर्जन हुने गरी आफु आवद्ध रहेको संस्थासंग कुनै प्रकारको सर्त, सम्झौता, करार गरी कुनै ठेक्का, पट्टा वा योजना सञ्चालन गर्न नहुने,
- पदीय दायित्व वहन गर्ने सदस्यहरूले कुनै बैंक, वित्तीय संस्था तथा सहकारी संस्थामा भाखा नघाई ऋण नतिर्ने ऋणीहरूको सूचीमा सूचीकृत हुनु नहुने ।
- आफ्नो पदिय जिम्मेवारी पूर्ण पालना गर्नुपर्दछ र पदीय जिम्मेवारी पालना गर्दा आफ्नो हक, अधिकार, सुविधा वा सहुलयतको दुरूपयोग गर्नुहुँदैन ।

**पदीय मर्यादा कायम राख्नुपर्नेः सहकारी संस्थाको समितिमा रहनुहुने पदाधिकारी तथा सदस्यहरुले निम्नानुसारको पदीय मर्यादा कायम राख्नुपर्नेछ,**

- समिति तथा उप-समिति एवं अन्य प्रकारका संस्थासँग सम्बन्धित वा संस्थाले आयोजना गरेका बैठक गोष्ठी, अन्तरक्रिया लगायका कार्यक्रममा निर्धारित समयमा उपस्थित हुने र कार्यक्रम अवधिभर सक्रियपूर्वक सहभागी भई उत्तरदायी बहन गर्ने,
- सहकारी मूल्य, मान्यता, सिद्धान्तहरु तथा सहकारी ऐन, नियमावली र संस्थाको विनियमको पूर्ण पालना गर्ने/गराउने,
- आफू सदैव सकारात्मक रही सबैलाई सभ्य, शिष्ट, तथा मर्यादित व्यवहार गर्नुपर्दछ । आफ्नो पदको मर्यादा र गरिमा कायम राख्दै गर्ने/गराउने,
- आफू आबद्ध संस्थाको पदीय अधिकारको दुरूपयोग गरी चल अचल सम्पत्ति प्रयोग गर्नुहुँदैन । कर्मचारी नियुक्ति नगर्ने/नगराउने,
- संस्था वा अन्य निकाय वा व्यक्ति सँग कुनै प्रकारको व्यक्तिगत लेनदेन गर्न वा संस्थालाई असर पर्ने गरी कुनै प्रकारको दान, दातव्य, उपहार, पुरस्कार वा चन्दा लिन दिन तथा यस्तै प्रकारको सहयोग उठाउने कार्यमा संलग्न नहुने/नगराउने,
- व्यक्तिगत लाभ आर्जन हुने गरी आफू आबद्ध रहेको संस्थासँग कुनै प्रकारको सर्त, सम्झौता, करार गरी/गराई कुनै पनि क्रियाकलाप सञ्चालन नगर्ने/नगराउने ।
- कार्यक्रम अवधिभर मध्यपान तथा धुम्रपान सेवन गर्नु/गराउनु हुँदैन ।

**सम्मानजनक ब्यवहार गर्ने/गराउनेः** जात जाति, धर्म, भाषा, लिङ्ग, उमेर, राजनीतिक वा सामाजिक हैसियत, भौगोलिक अवस्था, सांस्कृतिक दृष्टिकोण, पहुँच वा सम्बन्ध, शारीरिक अवस्था, बैवाहिक स्थिति वा अन्य कुनै पनि आधारमा सदस्य प्रति भेदभाव नगरी सबैलाई सम्मानजनक किसिमले न्यायपूर्वक उचित र समान व्यवहारको सुनिश्चितता गर्ने/गराउने ।

**पदाधिकारी तथा सदस्य विच कार्यजिम्मेवारीको न्यायोचित बाँडफाँड गर्नेः** पदाधिकारी वा सदस्यबीच जिम्मेवारी, अधिकार, सुविधा वा दायित्वको बाँडफाँड गर्दा राजनीतिक दलसँगको संलग्नता वा राजनीतिक आस्था वा महिला वा पुरूष सामाजिक समावेशीकरणका आधारमा भेदभाव गर्नुहुँदैन । तर विनियममा उल्लेख भएअनुसार विशेष जिम्मेवारी र अवसर दिनको लागि उल्लिखित प्रावधानले रोक लगाएको मानिने छैन ।

**स्रोत साधनको पूर्ण सदुपयोग गर्नेः**

- विनियम र नियमावली अनुसार आफूले पाउने सुविधाबाहेक सहकारी संस्थाको साधन, स्रोत, नगद वा जिन्सी सामान मास्न, उपभोग गर्न र दुरूपयोग गर्नु गराउनु हुदैन ।

- कुनै पनि पदाधिकारी/सदस्यले कानुनतः प्राप्त स्रोत साधनको उपयोग गर्दा अधिकतम सदुपयोग र उत्पादनशील कार्यमा प्रयोग गर्नुपर्ने छ ।

**कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता**
**पेशागत आचरण :**

- सहकारी मूल्य, मान्यता, सिद्धान्तहरु तथा सहकारी ऐन, नियमावली र आफू कार्यरत संस्थाको विनियम तथा कार्यविधिको पूर्णपालना अध्यन, एवं सोबमोजिमको पदीय जिम्मेवारी बहन गर्ने,
- कुनै पनि प्रकारको अनुचित प्रभाव, राजनैतिक आस्था, प्रलोभन, दवाव, भनसुन, वा पूर्वाग्रह बाट प्रेरित नभई सबै प्रति स्वतन्त्र र निष्पक्षताका साथ पदीय जिम्मेवारी निर्वाह गर्ने
- आफ्नो पद तथा सेवा/पेशालाई मर्यादित बनाउन सदैव सकारात्मक रहनु पर्ने तथा अरूसबैको लागि अनुकरणीय हुने गरी सबैलाई सभ्य, शिष्ट, तथा मर्यादित व्यवहार गर्नुपर्ने,
- आफ्नो जिम्मेबारीलाई मर्यादापूर्वक बहन गरी निष्पक्ष, स्वच्छ तथा छिटो छरितो ढंगबाट सदस्यलाइ सेवा प्रदान गर्नुपर्ने,
- सदस्यको कामसंग सम्बन्धित बिषय, प्रतिक्रिया तथा सम्पादन गर्न लाग्ने समय समेतको स्पष्ट जानकारी यथा समयमा गराउनु पर्ने,
- व्यक्तिगत लाभ आर्जन हुने गरी आफु आवद्ध रहेको संस्थासंग वा आफ्नो पदको दुरूपयोग गरी अन्य ब्यक्ति, संस्थाहरूसंग कुनै प्रकारको कारोवार नगर्ने,
- आफ्नो पदको दुरूपयोग गरी संस्थाको चल अचल सम्पत्तिको अनधिकृत रूपमा प्रयोग गर्न नहुने,
- कार्यालयको कार्य सम्पादनका क्रममा संगठनात्मक रूपमा माथिल्लो अधिकारीबाट प्राप्त आदेश तथा निर्देशनको पूर्णरूपमा परिपालन गर्नुपर्ने ।
- कार्यलयबाट प्राप्त स्रोत साधनको उपयोग गर्दा अधिकतम सदुपयोग र उत्पादनशील कार्यमा प्रयोग गर्नुपर्ने छ ।
- कार्यालय समय पूर्ण रूपमा पालना गर्ने, कार्यालय समयमा कार्यालयबाट बाहिर जानु परेमा अनिवार्य रूपमा आफु भन्दा माथिल्लो निकायसँग अनुमती लिई रजिष्टरमा उल्लेख गरेरमात्र जाने
- प्रत्येक दिन कार्यालयमा हाजिर भईसकेपछि अघिल्लो दिनको समिक्षा र दिन भरि कार्य गर्ने कार्य प्रगतिको बारेमा आवश्यक छलफल गर्ने र कार्यालय समय सकिनु भन्दा अगाडी दिनभरिको कार्य समीक्षा गर्ने बानीको विकास गरी सबल निर्बल पक्ष निर्धारण गर्ने ।

**राजनैनिक तटस्थता कायम गर्नुपर्ने:** कर्मचारीले कार्यालय समयमा कुनै पनि राजनीतिक दल, तिनीहरूका भातृ संगठन वा कुनै दलको नेताको समर्थन वा विरोधमा कुनै विचार व्यक्त गर्न वा त्यसमा कसैलाई समर्थन वा विरोध गर्नका लागि प्रभावमा पार्नु हुँदैन ।

**गोपनियता कायम गर्नुपर्ने:** कर्मचारीले आफ्नो पदीय हैसियत वा कार्यालयको कार्यसम्पादनको क्रममा वा अन्य कुनै प्रकारबाट प्राप्त भएको संस्थागत सूचना वा जानकारी आफ्नो कार्यालय र कार्यालयसँग सम्वन्धितको अहित हुनेगरी वा कसैको ब्यक्तिगत फाइदाको लागि प्रयोग गर्नुहुँदैन ।

**कार्यालय समयमा ब्यक्तिगत कार्यगर्न नहुने:** कर्मचारीले कार्यालय समयमा कार्यालयको कामको लागि निर्धारित समय र स्थलमा रहेर कार्यालयको काम मात्र गर्नुपर्नेछ । कार्यालय समयमा कार्यालयको कामसँग असम्बन्धित कुनै पनि कृयाकलापमा संलग्न हुन पाइने छैन । तर कार्यालयको काममा बाधा नपर्ने गरी प्रमुखको अनुमति लिएर बौद्धिक कार्यमा संलग्न हुन, आफ्नो योग्यता,सीप र क्षमता अनुसार सहकारी अभियानमा सञ्चालन हुने तालिम, प्रशिक्षण कार्यक्रम, सार्वजनिक क्षेत्रमा सञ्चालित महाविद्यालय, विश्वविद्यालय वा सार्वजनिक क्षेत्रमा तालिम, प्रशिक्षण सञ्चालन गर्ने, प्राज्ञिक वा शैक्षिक संस्थामा आफ्नो शैक्षिक योग्यता, पेशा वा कार्यसँग सम्बन्धित विषयमा प्रशिक्षण दिन/लिन बाधा पर्नेछैन ।

**अभिलेख राख्नुपर्ने र सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्नेः** कर्मचारीले कार्यालयको कार्यसम्पादनका क्रममा तयार भएका विवरणहरूको तोकिएको ढाँचामा सुरक्षित र अद्यावधिक अभिलेख राख्नुका साथै तोकिए बमोजिमका विवरण वा प्रतिवेदनहरू तोकिएको निकायमा उल्लिखित समयभित्र पेस गर्नुपर्दछ ।

**सदस्यले पालना गर्नुपर्ने आचारसंहिता**

**सहकारी मूल्य, मान्यता, सिद्धान्त र ऐन नियमको परिपालना गर्नुपर्नेः** सहकारी संस्थाले सहकारी मूल्य, मान्यता, सिद्धान्त र सहकारी ऐन तथा नियमको पूर्ण रूपमा पालना गर्नुपर्ने ।

**सक्रिय रूपमा सहभागी हुनुपर्नेः** संस्थाको सदस्य भेला, सभा सम्मेलन तथा साधारण सभामा सक्रिय रूपमा सहभागी भई रायसल्लाह सुझाव पेश गनुपर्ने ।

**नियमितता हुनुपर्नेः** सहकारी संस्थाबाट प्राप्त सेवा सुविधाहरूको आफ्नो आर्थिक क्षमता अनुरूप नियमित रूपमा उपभोग गर्नुपर्ने ।

**ऐक्यबद्धता जनाउनुपर्नेः** संस्थाको नीति तथा कार्यक्रम, सेवासुविधा तथा संस्थाले सञ्चालन गर्ने प्रबर्द्धनात्मक र सामाजिक उत्तरदायित्व अन्तर्गतका क्रियाकलापहरूमा रचनात्मक रूपमा सहभागी हुनुपर्ने ।

**संस्थाको अहित हुने कार्य गर्न नहुनेः** सहकारी ऐन, नियमावली तथा संस्थाको विनियम विपरीत हुने गरी र संस्था वा सदस्यको पारस्पारिक हित विरूद्दमा कुनै प्रकारका प्रचारबाजी गर्ने, संस्थाको गोपनियता भङ्ग गर्ने, नकारात्मक प्रचार प्रसार गर्ने जस्ता क्रियाकलाप गर्नुहुँदैन ।

**कानुनको परिपालना**

**सहकारी ऐन २०७४ बमोजिम कुनै पनि सञ्चालक वा सेयरधनीको हकमा कानुनी प्रावधान ।**

- क) कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने ।
- ख) लगातार वार्षिक साधारणसभामा बिना सूचना तिनपटकसम्म अनुपस्थित भएमा सदस्यता खारेजी हुने ।
- ग) संस्थाको विनियम, नीति तथा कार्यविधि बारम्बार उल्लङ्घन गरेमा सदस्यता खारेजी हुने ।
- घ) कुनै सदस्यले सहकारी संस्थालाई तिर्नुपर्ने दायित्व समयभित्र भुक्तान नगरेमा वा नीतिनियम उलङ्घन गरेमा अन्य सदस्यले पाएको सुविधासरहको सुविधा प्राप्त गर्न नसक्ने ।
- ङ) एउटै परिवारका एकभन्दा बढी व्यक्ति एकै अवधिमा उम्मेदरवार बन्न नसक्ने ।
- च) अन्य कुनै पनि सहकारीमा भएको सञ्चालकले उम्मेदरवारी दिन नपाउने ।
- छ) दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थाको सञ्चालकले कर्मचारीको रूपमा काम गर्न नपाउने ।
- ज) संस्थाको एक सदस्यले संस्थाको कुल सेयर पुँजीको २० प्रतिशतभन्दा बढी सेयर किन्न नसक्ने ।
- झ) सदस्यता त्याग गर्दा दायित्व भुक्तान गरेको तिन महिनापछि बाँकी रकम फिर्ता पाउने ।
- ञ) बचत फिर्ता गर्दा दायित्व भए सो कट्टा गरी बाँकी रकम फिर्ता पाउने ।
- ट) सेयर लाभांश सेयर पुँजीको १८ प्रतिशतभन्दा बढी नपाउने ।
- ठ) सदस्यले लगेको ऋण समयमा चुक्ता नगरेमा राखेको धितो लिलाम बिक्री हुन सक्ने ।
- ड) सदस्यले ऋणको अपचलन गरेमा, भाखाभित्र नबुझाएमा संस्थाले नाम नामेसीसहित कालो सूचीमा प्रकाशन गर्न सक्ने ।
- ढ) झुट्टा वा गलत विवरण पेस गरी कर्जा लिएमा वा ऋण हिनामिना गरेमा बिगोबमोजिम कैदको व्यवस्था ।
- ण) कृत्रिम व्यवसाय खडा गरी ऋण लिएमा बिगोबमोजिम कैदको व्यवस्था ।
- त) एकपटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई ऋण पुनः लिएमा बिगोबमोजिम जरिमाना र कैदको व्यवस्था ।
- थ) सदस्य बनेको तीन महिना पूरा नभई ऋण लगानी गरेमा ५ लाखसम्म जरिवाना हुने ।
- द) लगातार तीनपटकसम्म सञ्चालक समितिको बैठकमा बिना जानकारी अनुपस्थित भएमा कारवाही हुने ।

### सञ्चालक समितिमा क्षमता अभिवृद्धि

भनिन्छ, Knowledgeble Management and Skilful Personnel, सञ्चालक समितिका सदस्यहरु संस्थासँग आइपर्ने हरेक इस्युसँग जानकार हुनुपर्दछ । राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरका सहकारी ऐन, विनियम, नीतिहरूलगायत संस्थाका चुनौतीहरु हरेकमा ध्यान पुगेको हुनु पर्दछ, तर विशेषज्ञ नै हुनुपर्छ भन्ने छैन । सञ्चालक समितिमा रहँदा कहिल्यै पनि व्यक्तिगत मनोकाङ्क्षाभन्दा पनि संस्थागत मनोकाङ्क्षा राखी अगाडि बढ्न सक्नुपर्दछ ।

- ❑ सञ्चालक समितिको सदस्य हरेक क्षेत्रमा बिशेषज्ञ हुनु जरूरी छैन तर वित्तीय सहकारी सञ्चालक आधारभूत र मुख्य विषय विस्तृत रूपमा बुझ्ने वित्तीय परामर्शदाताको भूमिका निर्वाह गर्ने हुनुपर्छ । पदाधिकारीले संस्था सञ्चालनको जिम्मेवारीपूर्ण निर्णय लिन, नीतिनिमार्ण गर्न, सुसूचित गर्न र प्रविधिको प्रयोग गर्न सक्ने क्षमताको विकास गर्नुपर्दछ ।
- ❑ वित्तीय सहकारी सञ्चालनका दर्शन, आधारभूत सिद्धान्तहरु, मूल्य र मान्यताहरु, इतिहास एवम् आफ्नै साकोसको इतिहासको बारेमा जानकारी राख्नुपर्दछ ।
- ❑ समितिका पदाधिकारीले कानुनी संहिताहरु, साकोसको विनियम, नीतिनियम, त्यसको पालना र वैधानिक मुद्दाहरूका बारेमा सामान्य जानकारी राख्नुका साथै सदस्य सेवा र साकोसमा प्रयोग गरिएका प्रविधि वित्त र वित्तीय विवरण अध्ययन र समीक्षा गर्न समर्थ हुनुपर्दछ ।
- ❑ साकोसको लक्ष्य र उद्देश्य प्राप्तिको लागि निर्धारण गरिएका समाधानहरूको विषयमा समितिका पदाधिकारीले जानकारी राख्नुपर्दछ ।
- ❑ साकोसले सञ्चालनमा ल्याएका प्रविधि, समाधानहरु, हाल दिइरहेको सेवा वा सदस्यहरूले चाहना गरेका आवश्यक सेवाका विषयमा जानकार हुनुपर्दछ । वित्त बजारका मुद्रा प्रवाहमा चलिरहेको प्रतिस्पर्धाको बारेमा जानकार हुने, वित्त बजारका जल्दाबल्दा सवालहरु र अभियानले उठाएका आधारभूत विषयहरु, सदस्यहरूलाई प्रदान गर्ने वित्तीय सेवाका प्रविधिहरु, नेतृत्व, जनशक्ति व्यवस्थापन, योजना तथा बजेट, सूचना प्रविधि, बजारको अवसर, स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय आर्थिक र सामाजिक वातावरण तथा साकोसको विकासको असरका विषयमा सञ्चालकहरु जानकार हुनुपर्दछ ।
- ❑ संस्थाको परिकल्पना र ध्येयको प्राप्तिको लागि आवश्यक पर्ने सञ्चालनसम्बन्धी वित्तीय अनुशासन, कर्मचारी नीति, रणनीतिक योजना र अन्य नीतिहरुको विषयमा सञ्चालक समिति जिम्मेवार हुन्छ ।
- ❑ साकोस आबद्ध माथिल्लो तहका संघहरूको क्रियाकलापले साकोसको सफलतामा विवेकी र दक्ष सञ्चालकले धेरै असर पार्दछन् तसर्थ सञ्चालक समिति सापेक्षित रूपमा बदलिने प्रवधिको विषयमा निरन्तर शिक्षित भई रहन आवश्यक छ ।

### सञ्चालक समितिको मुख्य उत्तरदायित्व

सहकारीलाई सफल र सबल बनाउन सञ्चालक समितिको मुख्य दायित्व हुन्छ । सञ्चालक समितिका सदस्यहरूमा विशेष गरी नयाँ कुरा सिक्नका लागि इच्छाशक्ति हुनु, निर्णय गरेका कुराहरूलाई व्यवहारमा लागु गर्नु, सदस्यको पैसाको सुरक्षा गर्नु, संस्थाको परिकल्पना र ध्येय तथा लक्ष्य र उद्देश्यको यकिन गर्नु, संस्थामा प्रमुख कार्यकारी व्यवस्थापकको नियुक्ति गर्नु, व्यवस्थापकलाई सहयोग र कामको पुनरावलोकन गर्नु, संस्थाको प्रभावकारी योजना निश्चित गर्नु, स्रोतहरूको खोजी गर्नु, स्रोतहरूको प्रभावकारी व्यवस्थापन गर्नु, संस्थाका कार्यक्रम र सेवाहरूको तय गर्नु र अनुगमन गर्नु, संस्थाको जनछवि (Goodwill) वृद्धि गर्नु, न्यायालयको जस्तो न्याय सेवा दिनु र आफ्नो विशिष्टताको निर्णय गर्नुजस्ता उत्तरदायित्व बहन गर्नुपर्दछ । साथै सहज हुँदा अग्रसर हुने तर अप्ठ्यारो पर्दा भाग्ने, एकअर्कामा दोषारोपण गर्ने, निर्णय प्रक्रियामा मेरो सहभागिता छैन भन्नेजस्ता गैरजिम्मेवार कार्य गर्नु हुँदैन ।

### सञ्चालकहरूको प्रभावकारी कामका लागि आवश्यक गुण विकास गर्ने उपायहरू

संस्थालाई प्रतिस्पर्धी र सेवामुखी बनाउनका लागि सञ्चालकहरूमा निम्नानुसारका गुणहरु विकास गर्नु आवश्यक देखिन्छः

- ❑ Change to lead को भावनालाई आत्मसात् गरेर अगाडि बढ्ने,
- ❑ मैले भनेकै कुरा हुनुपर्छ भन्ने मानसिकताबाट पछि हट्ने,

- परिवर्तनलाई अँगाल्ने र स्वीकार्ने तथा नयाँ सोचलाई स्वागत गर्ने र मान्ने अनि आफ्नो गल्तीबाट सिकी अगाडि बढ्ने,
- काममा उत्साहित र सदस्यलाई सेवा गर्न समर्पित हुने साकोसको अग्रदूत भई काम गर्ने,
- अरु सञ्चालकहरूसँग सहयोगी हुने र एकपटक भइसकेको निर्णयलाई समर्थन गर्ने, सञ्चालक समितिको सर्वसम्मतिमा गरिएको निर्णयहरूका कार्यान्वयन गर्ने,
- मनमुटाव समाधान गर्ने रचनात्मक बाटो अपनाउने, तथ्यहरु र सर्वसम्मतिमा सदैव अडिग रहने,
- साकोसलाई क्रियाशील शक्ति बनाउने तथा सदस्यहरुको कल्याणको लागि ध्यान दिने,
- सञ्चालक साकोसका सबै सेवाहरूसँग परिचित हुने र सोको उपभोग गर्ने,
- उद्देश्यमूलक हुने, स्वतन्त्र निर्णयको अभ्यास र सही ढङ्गबाट अनावश्यक मनमुटाव रोक्ने,
- सदस्यको व्यक्तिगत सूचनाको गोप्यतामाथि कदर गरी बैठकको लागि आफूलाई तयारीमा राख्ने, अध्यक्ष र व्यवस्थापनबाट प्राप्त गरिएका प्रतिवेदनहरु अध्ययन गरी सबै बैठकमा भाग लिने,
- निरन्तर रूपले आफ्नो ज्ञान र सिपको सुधार गरी आफ्नो साकोसको वित्तीय प्रतिवेदन अध्ययन गर्ने ,
- वित्तीय विवरण, बजेट र पछिल्लो विस्तृत लेखा परीक्षण प्रतिवेदनबारे जानकारी लिने, यदि नबुझेको खण्डमा नबुझेसम्म सोधिरहने,
- साकोस सञ्चालन बारेमा व्यवस्थापनले सञ्चालकलाई पूरा सुसूचित गरे नगरेको यकिन गर्ने,
- सञ्चालकमा निर्णय क्षमता, स्पष्टता, पारदर्शिता तथा समयलाई बुझ्न सक्ने जस्ता विशेषता हुनुपर्ने,
- सञ्चालक परामर्शदाता भएकाले जहिले प्राविधिकहरूको आवश्यकता पर्छ बाहिरबाट भए पनि सहयोग लिने र
- कुनै पनि सञ्चालक समिति सबै कुरामा निपुण हुँदैन । जब विशेषज्ञताको आवश्यकता पर्छ यसको निम्ति शुल्क तिर्न परे पनि तिरेर विशेषज्ञ सुविधा लिने ।

**सञ्चालकमा हुनुपर्ने महत्त्वपूर्ण सीप र ज्ञान**

- संस्थागत उद्देश्य तथा लक्ष्य, आन्तरिक विधि तथा प्रक्रियाहरु एवम् संस्थागत संस्कारको विकास हुनुपर्ने
- सञ्चालक परामर्शदाता भएकाले हरेक क्षेत्रमा विशेषज्ञ हुनु जरूरी छैन तर आधारभूत कुरा भने विस्तृत रूपमा बुझ्ने र यथेष्ट जानकारी लिने ताकि आफूले जिम्मेवारीपूर्ण निर्णय लिन, नीतिनिर्माण गर्न, सुसूचित गर्न र सल्लाह दिन सकियोस् ।
- बचत तथा ऋण सहकारी संस्थाको दर्शन, सिद्धान्त र इतिहास एवम् आफ्नै साकोसको इतिहासको बारेमा जानकारी राख्ने,
- सञ्चालकले साकोसको सञ्चालन, कर्मचारी नीति, रणनीतिक योजना र अन्य नीतिहरु बुझिराख्ने तथा अद्यावधिक नीतिनियम, त्यसको पालना र वैधानिक मुद्दाहरूका बारेमा सर्वमान्य जानकारी लिने,
- सदस्य सेवा र साकोसमा प्रयोग गरिएका वित्त र वित्तीय विवरण अध्ययन र समीक्षा गरी साकोसले हाल दिइरहेको सेवा र नयाँ सेवा वा सदस्यहरूले चाहना गरेका आवश्यक सेवाको विषयमा जानकारी लिने,
- वित्त बजारको कुनचाहिँ क्षेत्रमा प्रतिस्पर्धा चलिरहेको छ र वित्त बजारका हालका जल्दाबल्दा सवालहरु, सदस्यहरूलाई प्रदान गर्ने, वित्तीय सेवाका प्रविधिहरु, नेतृत्व, जनशक्ति व्यवस्थापन, योजना तथा बजेट, सूचना प्रविधि, बजार र बजेट, स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय आर्थिक र सामाजिक वातावरण तथा साकोसको विकासमा त्यसको असरको विषयमा सुसूचित भई जिम्मेवार बन्ने ।
- साकोसको सञ्चालन कर्मचारी नीति, रणनीतिक योजना र अन्य नीतिहरु, माथिल्लो तहका संघहरूका क्रियाकलापहरु तथा साकोसको सफलतामा विवेकी र दक्ष सञ्चालकले महत्त्वपूर्ण प्रभाव पारिरहने हुँदा सञ्चालक समिति निरन्तर शिक्षित र अद्यावधिक भइरहने ।

**सञ्चालक समितिको मुख्य जिम्मेवारी**

- पटक पटक संशोधन भइरहने ऐननियम र कानुनहरु अध्ययन गरी संस्थालाई कानुनी रूपले मजबुत बनाउने,
- कानुनी ढङ्गले संस्थालाई निरन्तरता दिन संस्था सञ्चालनका नीतिहरु तथा उद्देश्यहरु तय गरी सङ्गठन संरचना स्वीकृत गर्ने,

- संस्था सञ्चालनका स्रोतहरूको खोजीमार्फत संस्थाको उत्पादन तथा सेवाहरु र खर्चको प्रबन्ध मिलाई सदस्यको पैसाको सुरक्षा गर्ने,
- संस्थाको परिकल्पना र उद्देश्यको यकिन गरी संस्थाको व्यवस्थापकको नियुक्ति गर्ने र व्यवस्थापकलाई सहयोग र कामको पुनरावलोकन गर्ने,
- संस्थाको प्रभावकारी योजना निश्चित गरी स्रोतहरूको खोज, प्रभावकारी व्यवस्थापन, कार्यक्रम निर्धारण सेवाहरूको तय गर्ने र अनुगमन गर्ने,
- संस्थाको जनछवि वृद्धि गर्ने, न्यायालयको जस्तो न्याय सेवा दिने, आफ्नो विशिष्टताको निर्णयमार्फत साकोसको लागि रणनीति योजनाको तर्जुमा गरेर मासिक रूपमा पुनर्विचार गर्ने सञ्चालक समितिको संरचना र कामको परिभाषा स्थापना गरी भूमिका, जिम्मेवारी र सम्बन्ध परिभाषित गर्ने,
- व्यवस्थापकको छनौट र नियुक्ति गर्ने, कार्य विभाजन, व्यावसायिक योजनाको स्वीकृति, कार्यसम्पादन मल्याङ्कन तथा क्षतिपूर्तिको निर्णय गर्ने र व्यवस्थापकको लागि विकासको योजना स्वीकृत गर्ने,
- संस्था सञ्चालनका नीतिहरु र उद्देश्यहरु तय गरेर संगठन संरचना स्वीकृत गरी वित्तीय संरचनाको अनुगमन गर्ने, नीति र बजेटमा आधारित भएर वृद्धि र विकासको योजना स्वीकृत गर्ने । सदस्यहरूको लागि गुणस्तरीय सेवा र सुविधाको गहन योजनामार्फत सदस्यहरूको पैसाको सुरक्षा र विकासको लागि मुख्य कार्यसम्पादन मूल्याङ्कन नीति स्थापना गर्ने,
- साकोसको लक्ष्य र उद्देश्य हासिल गर्न प्रगतिको मूल्याङ्कन र विश्लेषणको आधारमा सदस्यताको सूचना र सहभागिताको सुनिश्चितता गरी लोकतान्त्रिक नियन्त्रणको प्रणालीलाई प्रभावकारी बनाउने र
- सञ्चालक समितिको वार्षिक स्वमूल्याङ्कन गरी समितिको प्रभावकारिता र विकासको सुनिश्चतताको लागि संस्था, समुदाय र सरकारसँग सम्बन्ध व्यवस्थापन गर्न साकोसको नेतृत्वदायी कल्पनालाई जीवन्त बनाउन सहयोग र प्रवर्द्धन गर्ने ।

**सञ्चालक समितिका सदस्यतामा हुनुपर्ने गुणहरू**

सञ्चालक समितिको सदस्य तथा पदाधिकारी हुनका लागि प्रेरणादायी भूमिका, अरूको अस्तित्वलाई स्वीकार गर्न सक्ने, मपाईंत्व कम, अरूले गरेको कामको स्वीकारोक्ति, मिजासिलो, अध्ययनशील, गुनासो व्यवस्थापन गर्न सक्ने, समय व्यवस्थापन गर्न सक्ने, नेतृत्वदायी, दूरदर्शी, निस्वार्थ परिकल्पना, लक्ष्य र उद्देश्यबाट निर्देशित हुने, आफ्नो विषयमा जानकार, स्वत : स्वचालित हुने, धैर्यता, निरन्तरता र लगनशीलताका साथ कार्यसम्पादन गर्ने, लक्ष्य केन्द्रित हुने, निर्णयको क्षमतामा साहसी हुने, परिकल्पनाशील हुने, कार्यक्षमता बढाउने, नागरिकसँग भिज्ने क्षमता गतिशील हुनुपर्ने, उच्च विश्वासी हुनुपर्ने, व्यवस्थापन कुनै चाबी होइन, यो एक सम्मिश्रण हो भन्ने बुझ्ने, भावनात्मक स्थायित्व हुनु पर्ने, मानवीय सम्बन्धको ज्ञान हुनु पर्ने, अरू व्यक्तिहरूको रायलाई कदर गर्ने, समूहमा काम गर्ने, दैनिक प्रभावकारी सूचना प्रणाली स्थापित गर्ने, मातहतका कर्मचारीलाई प्रेरित गर्ने, नवीन सोच र सिर्जनशील हुने, न्यायिक क्षमताको विकास गर्ने, उत्तरदायित्व र निर्णय सम्पादनमा जिम्मेवारी हुने, रणनीतिक परिवर्तनको लागि माध्यम बन्ने, व्यक्तित्व निर्माण गर्ने गराउने, आत्मसम्मान अक्षुण्ण राख्ने, प्रतिस्पर्धी सेवा दिने, अन्य व्यक्तिलाई विकास गराउने, नीति निर्माणको ज्ञान ,सिप र क्षमताको विकास गर्ने, विरोधाभासपूर्ण विषयमा सहनशील र समभ्रदार हुने, प्रशासनिक नियन्त्रणको क्षमता हुने, लक्ष्यबाट निर्देशित हुने, समितिको भूमिका र दायित्वको विषयमा जानकार हुने, आत्मसमीक्षा गर्दै रूपान्तरण गर्ने जस्ता गुणहरु आवश्यक पर्दछन् ।

**सञ्चालक समितिका काम, कर्तव्यहरू**

सञ्चालक समितिको सदस्य तथा पदाधिकारी हुँदा संस्थासँग सम्बन्धित हरेक कुरालाई व्यवस्थापन गर्न सक्ने क्षमता राख्नुपर्दछ ।

- संस्थाको दैनिक कार्य सञ्चालन गर्न व्यवस्थापकको नियुक्ति गर्ने ।
- संस्थाका कर्मचारीहरूको नियुक्ति, सेवा सर्त, पदोन्नति, निलम्बन, बर्खास्त तथा सेवासुविधा र सजायसम्बन्धी कर्मचारी प्रशासन नियम र आर्थिक कारोबार सञ्चालनको लागि आर्थिक प्रशासन नियम बनाई साधारणसभामा अनुमोदनको लागि पेस गर्ने ।
- विनियममा भएको व्यवस्था बमोजिम अध्यक्षबाहेक कुनै सञ्चालक वा साधारणसभाको सदस्यले राजिनामा दिएमा

सो स्वीकृति गर्ने ।

- संस्थाको वार्षिक कार्यक्रम तथा आम्दानी खर्चका विवरण तयार गरी स्वीकृतिका लागि साधारणसभामा पेश गर्ने ।
- साधारणसभाद्धारा पारित कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने र वार्षिक लेखा परीक्षण गराई सोको प्रतिवेदन साधारणसभामा पेस गर्ने ।
- संस्थाको कोषको सुरक्षा तथा आर्थिक कारोबारमाथि नियन्त्रण गर्ने तथा सोको व्यवस्था मिलाउने ।
- विनियममा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई साधारणसभा बोलाउने ।
- साधारणसभाबाट भएका निर्णयहरूको कार्यान्वयन गर्ने ।
- संस्थाका कार्यहरु सुचारू रूपले सञ्चालन गर्न आवश्यकता अनुसार उपसमिति वा सल्लाहकारसमिति गठन गर्ने ।
- संस्थाको दैनिक कार्य सञ्चालन गर्ने र अन्य विशेष काम गर्न व्यवस्थापक तथा उपसमिति वा समितिको कुनै पदाधिकारिलाई अधिकार प्रत्यायोजन गर्ने ।
- विनियममा उल्लेख भएका उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य सबै कार्य गर्ने ।
- नयाँ सदस्यता प्रदान गर्ने र निर्वाचन उपसमिति गठन गर्ने ।
- बाह्य संघ/संस्थासँग ऋण लिने/दिने सम्बन्धी नीति तर्जुमा गर्ने ।
- सदस्यहरूबाट प्राप्त विभिन्न प्रकारका बचत र उनीहरूलाई लगानी गर्ने विभिन्न प्रकारका ऋणमा ब्याजदर निर्धारण गर्ने ।
- हरहिसाबसम्बन्धी विवरण प्रमाणित गरी संस्थाको योजना र वार्षिक बजेट साधारणसभामा अनुमोदनका लागि पेश गर्ने ।
- सदस्यहरूको हितलाई ध्यानमा राखी साधारणसभाले अख्तियार गरेका अन्य कार्यहरु गर्ने ।

**सञ्चालकको क्षमता वृद्धि गर्ने आधारहरू**

सञ्चालक समितिको सदस्य तथा पदाधिकारीहरूको क्षमता वृद्धि नभएसम्म संस्थाले प्रगति गर्न सक्दैन । सञ्चालकको क्षमतासँग संस्थाको भविष्य जोडिने भएकाले निम्नानुसारका सन्दर्भबाट क्षमता अभिवृद्धि गर्न सकिन्छ:

- समानता र न्याय उन्मुख परिवर्तनको लागि यथा अवस्थामा रहन चाहने गुण र व्यक्तिको विशेष हैसियतको अन्त्य आवश्यक हुन्छ । जनछवि निर्माणको लागि संस्थामा सदस्यले नियमित परिवर्तनको आभाष दिनुपर्दछ ।
- परिवर्तनको अनुभूति, परिवर्तनको इच्छा शक्ति, निर्णय क्षमताको लागि आफूलाई र सदस्यलाई प्रेरित गर्नुपर्दछ ।
- सञ्चालकहरूमा तालिम दिने सिप, नीति तथा योजना निर्माणको सिप, संस्थागत विश्लेषण गर्नेसिप, सोधखोज गर्ने सिपको विकास गर्नु आवश्यक हुन्छ ।
- सदस्यहरूलाई परिष्कृत व्यवहारको अभ्यासमा सदस्यको जीवनस्तर बदल्नको लागि सञ्चालकहरूलाई परिकल्पनालाई जीवन्त बनाउनु पर्दछ ।
- प्रक्रिया र मुख्य व्यावसायिक सूचकहरूको माध्यमबाट नयाँ पहुँच, दूरदर्शिता र त्याग, समयनिष्ठ र सामूहिकता, निरन्तरता र नियमितता, यथार्थवादिता र वैज्ञानिक दृष्टिकोण, वस्तुपरकता र सत्यताको संस्कृति स्थापनार्थ निरन्तर सहयोगलाई अभिप्रेरित गर्नुपर्दछ ।

सन्दर्भसामग्री

सहकारी ऐन, २०७४
सहकारी नियमावली, २०७५
प्रमोदकुमार घिमिरे, सहकारी अवधारणा र लघुवित्त व्यवस्थापन ।
केशव बडाल, दिगो विकास लक्ष्यका लागि सहकारी ।
सहकारी सन्देशका विभिन्न अङ्कहरु ।
साकोस आवाज, नेफ्स्कुन, विभिन्न अंकहरू ।
नेफ्स्कुन तथा कास्कुनका विभिन्न प्रतिवेदनहरु एवम् सहकारी महासंघका हालसम्मका प्रकाशनहरु ।
सहकारी आचारसंहिता – २०७८ ।

**धान्याञ्चल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको**
**पन्ध्रौं वार्षिक साधारणसभा (२०८१ साल पौष २० गते शनिबार) मा सञ्चालक समितिको तर्फबाट**
**अध्यक्ष श्री भविश्वर घिमिरेज्यूबाट प्रस्तुत प्रतिवेदनः**

'स्वरोजगार विकासको पूर्वाधार : धान्याञ्चल नै एकमात्र आधार' भन्ने मूल नारालाई आत्मसात् गरी स्थापना भएको धान्याञ्चल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको यस पन्ध्रौं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, विभिन्न सहकारी संस्था तथा अन्य निकायबाट पाल्नुभएका अतिथिहरु, सल्लाहकारहरु, कार्यसमितिका सदस्यहरु, लेखा सुपरिवेक्षण समितिका सदस्यहरु, विभिन्न उप-समितिका सदस्यहरु, सेयरधनी सदस्यहरु, पत्रकारहरु, कलाकारहरूलगायत उपस्थित सम्पूर्ण जनहरूमा सर्वप्रथम धान्याञ्चल साकोसको तर्फबाट यहाँहरु सबैमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

**आदरणीय सदस्यज्यूहरू,**
आर्थिक समृद्धि र सामाजिक रूपान्तरणको मुद्दालाई सार्थक बनाउने उद्देश्यले २०६६ आषाढ ५ गते विधिवत् रूपमा धान्याञ्चल बचत तथा ऋण सहकारी संस्था लि.को नाममा सदस्यका सुखदुःखमा सहभागी हुँदै यात्रारम्भ गरेको यस सहकारीले आफ्नो कार्यकालको १५ वर्ष सफलताका साथ सम्पन्न गरी आज यस सम्मानित साधारणसभामा आफूलाई प्रस्तुत गरेको छ । सहकारीको आदर्श इमानदारी र पारदर्शितालाई आत्मसात् गर्दै स्थापित यो सहकारी आजसम्म आइपुग्दा प्रचलित सिद्धान्त र मूल्यमान्यतामा कहीँकतै र कहिल्यै पनि विचलित नभई संस्थाको उद्देश्य र आदर्शलाई प्राप्त गर्न मन, वचन र कर्मले दत्तचित्त रही आएको विषयसमेत हाम्रा विगत र वर्तमानका क्रियाकलापबाट स्पष्ट छ । विभिन्न आरोह-अवरोहको सामना गर्दै आज यो संस्था सहकारी क्षेत्रमा एक प्रतिष्ठित एवम् समुदायमा आधारित सहकारी संस्था बन्न सफल भएको छ । संस्थालाई यहाँसम्म ल्याइपुऱ्याउन योगदान गर्नुहुने सबैलाई स-सम्मान स्मरण गर्न चाहन्छु । मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरिबी न्यूनीकरणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रसहितको ३ खम्बे अर्थनीतिलाई प्राथमिकतामा राखेकाले सहकारी क्षेत्रको महत्त्व थप उजागर भएको सर्वविदितै छ । यो संस्था छरिएर रहेको पुँजीलाई एकीकृत गरी उत्पादन तथा सेवामूलक क्षेत्रमा लगानी गरेर सेयर सदस्यको जीवनस्तर उकास्ने र देशको अर्थतन्त्रमा समेत टेवा पुऱ्याउने मुख्य लक्ष्यका साथ अगाडि बढेको संस्था हो । संस्थाले सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको अनुसरण गर्दै सदस्य सेवामा केन्द्रित भई सदस्यहरूलाई आवश्यक सेवा प्रदान गर्दै आएको कुरा यहाँहरूलाई अवगतै छ ।

२०७२ सालको भूकम्पले थिलोथिलो भएको अर्थतन्त्र केही मात्र सुध्रिने अवस्थामा आउँदै गर्दा लगातार तीन/चार वर्ष कोभिड तथा विश्व अर्थतन्त्रमा रूस र युक्रेनका कारणले देखिएको त्रासदीपूर्ण अवस्थाले उत्पन्न गराएको समस्याका बिच तरलताको अभावका कारण विभिन्न संस्थामा विभिन्न समस्याहरु देखिएका भए पनि यस संस्थामा सदस्यहरूको आकाङ्क्षालाई राम्रैसँग सम्बोधन गर्ने प्रयास गरिएको र त्यसले यो संस्थाप्रतिको विश्वसनीयता अभिवृद्धि हुनुका साथै सेयरधनीज्यूहरूले संस्था दिगो रूपमा अगाडि बढेको महसुस गरेको सन्दर्भ पनि यहाँ स्मरणीय छ । समुदायमा पूर्ण रूपले केन्द्रित रहेर सञ्चालित यस संस्थाले सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षको विकासमा सुरुवाती दिनदेखि नै विशेष योगदान गर्दै आएको कुरा यहाँहरूलाई विदितै छ । गुणस्तरीय वित्तीय सेवालाई प्रमुख लक्ष्य बनाई यस संस्थाले सदस्यहरूको सामाजिक सुरक्षा तथा संरक्षणलाई उच्च प्राथमिकतामा राखेर विभिन्न सुरक्षाका योजनाहरु सञ्चालन गर्दै आएको छ ।

विगत केही समयदेखि कोरोना महामारीले निम्त्याएको सङ्कटबाट मुक्त हुँदै गर्दा पुनः आर्थिक मन्दीको चपेटामा परिरहेको कुरा हामी सबैले अनुभव गरिरहेको विषय हो । यस परिस्थितिमा आर्थिक मन्दीको असरबाट विभिन्न सहकारी संस्था र सहकारीका सदस्यहरूसमेत प्रताडित बन्न पुगेको अवस्था छ । फलस्वरूप सहकारीका सदस्यको अधिकांश व्यवसाय तथा आर्थिक क्रियाकलाप करिब-करिब शून्यमा पुग्न गयो । किस्ता भुक्तान गर्न सक्ने अवस्था रहेन । यस अवधिमा यस संस्थाले आफ्ना सदस्यहरूमा परेको प्रत्यक्ष प्रभावको मूल्याङ्कन गर्ने काम गऱ्यो । आ.व. ०८०/८१ मा समेत यसको प्रत्यक्ष असर पऱ्यो भने चालु आ.व.मा महामारीको व्यापक असर संस्था तथा सदस्यहरूलाई परि नै रहेको छ । त्यसपछि इजरायल र हमासबिचको युद्धका कारण सिर्जित आर्थिक मन्दी एवम् देशभित्रै रूकुम, जाजरकोटमा गएको भूकम्पले

समेत नेपाली अर्थतन्त्र र यहाँका वित्तीय संस्थाहरूलाई प्रभाव पारेकै छ भने यसै वर्ष बाढी-पहिरो तथा भू-क्षयले पुऱ्याएको क्षतिले समेत यस क्षेत्रलाई थप जटिल बनाएको छ । यस विषम परिस्थितिमा सबैले हातमा हात मिलाई एकताबद्ध रूपमा आइपर्ने हरेक खालका चुनौतीहरूलाई सामना गर्नुपर्ने बाध्यात्मक अवस्थामा हामी आइपुगेका छौं ।

**आदरणीय सेयरधनी महानुभावहरू, अब म सहकारी अभियानसँग सम्बन्धित केही मुद्दाहरूलाई तथ्यगत ढङ्गले यहाँसमक्ष राख्न चाहन्छु ।**

१) सहकारी ऐन २०७४ तथा नियमावली २०७५ ले नाफाको आधारमा सदस्यलाई बढीमा १८ प्रतिशत मात्र लाभांश दिन सक्ने स्पष्ट रूपमा उल्लेख गरेको छ । वार्षिक नाफाबाट करपछि जगेडा कोषको व्यवस्था गरी अन्य ८ प्रकारका कोषमा कम्तीमा ५ प्रतिशत राख्नै पर्ने बाध्यात्मक नियमले सहकारीका सेयर सदस्यहरु मारमा परेको देखिएको छ । एकातिर धेरैवटा कोषको व्यवस्थाले तोकिएको प्रतिशतमा ठोस रकम वितरण गर्न अत्यन्त कठिन छ भने अर्कातिर कर दर २०% पुऱ्याउनुले सहकारीप्रति राज्यको सकारात्मक सोच नभएको हो कि जस्तो देखिएको अवस्था छ । अतः यी दुवै विषयमा पुनरावलोकन गर्नु अपरिहार्य देखिन्छ ।

२) सहकारी ऐनले स्पष्ट व्यवस्था गरेतापनि ऋण असुली न्यायाधीकरण र कर्जा सूचना केन्द्र हालसम्म पनि सशक्त ढङ्गले अगाडि आउन नसक्नु विडम्बना मानिन्छ । सहकारीमा ऋण तिर्नको लागि आलटाल गर्ने, ऋण नतिर्ने बेथितीलाई न्यूनीकरण गर्ने यो व्यवस्था तत्काल कार्यान्वयनमा ल्याउन अति आवश्यक छ । सहकारीमा आई सहज ढङ्गले कर्जा लिने तर तिर्न लापरवाही गर्ने ऋणीलाई तत्काल कठघरामा ल्याउनको लागि ऐनले व्यवस्था गरेको प्रावधान तत्काल लागु हुनु पर्दछ । बैंकमा तिन महिनामा ऋण तिर्न नसक्दा जायजेथा गायब हुने तर सहकारीमा कर्जा लिएपछि आलटाल गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्न सहकारी ऐन २०७४ ले व्यवस्था गरे बमोजिम कर्जा असुली न्यायाधिकरण मार्फत दण्डको व्यवस्था तत्काल सुरू गर्नपर्दछ ।

३) बचत केन्द्रित तथा सहर केन्द्रित सहकारीहरू सदस्यको बचत हिनामिना गर्ने, सहकारीको पुँजी अपचलन गर्ने जस्ता कार्यले समस्याग्रस्त बन्न पुगेका प्रशस्त घटनाहरू सार्वजनिक भएका छन् । फलस्वरूप सम्पूर्ण सहकारी क्षेत्र नै बदनाम हुनुका साथै विश्वसनीयतामा चुनौती थपिएको छ । सहकारी स्वनियमनमा सञ्चालन हुनुपर्दछ । यसका सम्पूर्ण सञ्चालक सदस्य र संस्थाको दायित्वप्रति पूर्ण उत्तरदायी हुनुपर्दछ । साधारण सभा मार्फत सदस्यको सक्रिय सहभागीताबाट वार्षिक नीति तथा कार्यक्रम तर्जुमा हुनुपर्दछ । तर, व्यवहारमा सबै सहकारीमा यो भइरहेको देखिंदैन । अर्कोतर्फ जनशक्तिको अभाव देखाई नियामक निकायले नियमित अनुगमन गर्न नसक्दा दिनप्रतिदिन सहकारीहरू समस्याग्रस्त भइरहेको अवस्था छ ।

४) सहकारी ऐन २०७४ मा एक व्यक्ति एक स्थानीय तहमा एकै प्रकृतिको एकभन्दा बढी सहकारीमा सदस्य भई कारोबार गर्न नपाउने कानुनी व्यवस्था गरियो । सोको कार्यान्वयनका लागि नियामक निकायले २०७७ आश्विनमा दिएको समयसीमा सकिनुपूर्व यस विषयमा सम्मानित सर्वोच्च अदालतमा सो व्यवस्था खारेजीको लागि मुद्दा पर्न गयो । सहकारी क्षेत्रमा सबैभन्दा पेचिलो देखिएको यो विषयले सहकारीकर्मीको ध्यान खिंचेको छ भने मुद्दाको किनारा लागि नसकेको अवस्थामा थप अन्यौलता देखिएको छ । ऐनले व्यवस्था गरे बमोजिम दोहोरो सदस्यता अन्त्य गर्न सके मात्र धेरै बेथिती हट्न सक्दछन् ।

५) चर्को ब्याज, चक्रवर्ती ब्याज, साँवामै थप ब्याजजस्ता सहकारी ब्याजदरमा देखिएको अस्वस्थ प्रतिस्पर्धालाई सन्दर्भ ब्याजदरले सम्बोधन गर्न खोजेको छ । यद्यपि सहकारीको मर्म तथा सिद्धान्त समेतलाई ख्याल गरी गलत प्रवृत्तिलाई निरूत्साहित गर्नुपर्ने देखिन्छ । सन्दर्भ ब्याजदरका सकारात्मक पक्षलाई सबैले आत्मसात् गर्नुपर्ने देखिन्छ । सहकारी ऐन २०७४ मा सन्दर्भ ब्याजदर लागु गर्न सकिने प्रावधान राखिएको हुँदा समितिले २०७६ सालमा पहिलोपटक सन्दर्भ ब्याजदर लागु गरी ऋणमा १६% भन्दा बढी लिन नपाउने निर्देशन दियो । पुनः २०७७ साल कार्तिक १५ गते देखि लागु हुने गरी उक्त सीमालाई १४.७५ लागु गरियो भने वित्तीय क्षेत्रमा देखिएको अस्वाभाविक तरलता देखाउँदै २०७८/११/१५ देखि लागु हुने गरी पुनः सन्दर्भ ब्याजदर समितिद्वारा १६% लागु गरियो । बैंक तथा वित्तीय संस्थामा छिटो छिटो परिवर्तन हुने तथा सहकारीमा परिवर्तन नहुने हुँदा पुँजी पलायन हुने खतरा बढेको देखिन्छ ।

६) हाल नेपालमा सञ्चालनमा रहेका ३१ हजार ४ सय ५० सहकारीको अनुगमन गर्ने तथा कोपोमिस माध्यमबाट सबै सहकारीका सेवा तथा सूचकाङ्क अद्यावधिक राख्ने गरी सहकारी विभागले कार्य गरिरहेको छ । कोपोमिसको

माध्यमबाट सहकारी सञ्चालन गर्दा थप प्रविधिमैत्री बनाउन तथा पारदर्शिता अपनाउन सकिने हुन्छ ।

७) सहकारी एकीकरण, जनसङ्ख्याको आधारमा सहकारीको सङ्ख्या निर्धारण जस्ता नियम पुनरावलोकन हुनु आवश्यक छ । हालसम्म जति सहकारी संस्था समस्याग्रस्त घोषित छन्, प्रायः आकारमा ठुला भएका नै देखिएका छन् । यस्तो हुँदाहुँदै किन हामी एकीकरणमार्फत ठुलो आकारको सहकारी बनाउने तर्फ जोड दिइरहेका छौं ? स्थानीय स्तरमा सामुदायिक भावनाले केन्द्रित सहकारीहरु स्वनियमनमा सञ्चालित देखिन्छन् । एकीकरणलाई प्रोत्साहन दिइरहँदा साना तर स्वनियमन राम्रा भएका प्रारम्भिक सहकारीहरु मारमा पर्ने देखिएको छ । निरीक्षणका क्रममा स्वनियमनमा ठीक देखिएका सहकारीलाई प्रोत्साहन गर्दै समस्याग्रस्तलाई आवश्यक कारबाही गर्नु न्यायोचित हुने देखिन्छ ।

८) हाल लागु भइरहेका कानुनी दस्तावेजहरु :

क) संस्थाको विनियम २०७८

| | |
|---|---|
| कार्यविधि नं. १ | ऋण नीति २०७३ (पहिलो संशोधन २०७८) |
| कार्यविधि नं. २ | मानव संशाधन व्यवस्थापन नीति २०७३ (पहिलो संशोधन २०७८) |
| कार्यविधि नं. ३ | आर्थिक नीति २०७३ (पहिलो संशोधन २०७८) |
| कार्यविधि नं. ४ | बाह्य ऋण नीति २०७८ |
| कार्यविधि नं. ५ | जोखिम व्यवस्थापन तथा सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन नीति २०७८ |
| कार्यविधि नं. ६ | वार्षिक योजना तथा बजेट २०७८ |
| कार्यविधि नं. ७ | सेयर नीति २०७८ |
| कार्यविधि नं. ८ | नगद तथा सानो नगदी कोष व्यवस्थापन २०७८ |
| कार्यविधि नं. ९ | बैठक सञ्चालन कार्यविधि २०७८ |
| कार्यविधि नं. १० | शिक्षा, तालिम र भ्रमण सञ्चालन कार्यविधि २०७८ |
| कार्यविधि नं. ११ | सूचना प्रविधि नीति २०७८ |
| कार्यविधि नं. १२ | बचत नीति २०७८ |
| कार्यविधि नं. १३ | विस्तारित मञ्च सञ्चालन कार्यविधि २०७८ |
| कार्यविधि नं. १४ | निर्वाचन नीति २०७८ |
| कार्यविधि नं. १५ | सङ्गठन तथा सामान्य नीति २०७८ |
| कार्यविधि नं. १६ | विद्युतीय प्रविधि (भर्चुअल) बैठक सञ्चालन कार्यविधि २०७८ |
| कार्यविधि नं. १७ | सदस्यता नीति २०७८ |
| कार्यविधि नं. १८ | संरक्षित पुँजी फिर्ता कोष वितरण कार्यविधि २०७८ |
| कार्यविधि नं. १९ | सुशासन नीति २०७३ (पहिलो संशोधन २०७८) |

९) सहकारीमा सम्पत्ति शुद्धीकरण निर्देशन २०७४ लागु भई कार्यान्वयन भइरहेको छ । हरेक सदस्यले नियमित रुपमा सदस्य पहिचान फाराम भर्नुपर्ने हुन्छ । उक्त कार्यलाई कम्प्लायन्स अफिसर तोकी सोसम्बन्धी आवश्यक कामहरु नियमित रुपमा भइरहेको छ । सीमितस्रोत र साधनको उच्चतम प्रयोग गरी आएका सहकारीका लागि यी समस्त बाध्यात्मक परिस्थितिका बिच सहकारी क्षेत्र अघि बढिरहेको छ । विद्यमान कानुनी परिधिभित्र रही कार्य गर्न प्रारम्भिक सहकारीहरुमा थप चुनौती सृजना भएको छ ।

**आदरणीय सेयरधनी महानुभावहरू,**

संस्थाको आजसम्मको समग्र विकासमा तपाईँ सदस्यहरुको योगदान महत्त्वपूर्ण रहेको छ । बचत तथा ऋणको कारोबारबाट संस्थालाई यो उचाइमा पुऱ्याउन तपाईँ सदस्यहरुको भूमिका महत्त्वपूर्ण रह्यो । व्यापक रुपमा रोजगारको अवसर सिर्जना गर्ने, आयआर्जन बढाउने, राष्ट्रिय अर्थतन्त्र निर्माणमा टेवा पुऱ्याउने र आर्थिक सामाजिक तथा सांस्कृतिक विकासको सहकारी अवधारणालाई कार्यान्वयन गर्न तपाईँहरुमा सहकारीको सम्पत्ति भनेको मेरो सम्पत्ति हो, सहकारीको घाटा नाफासँग मेरो पनि नाफा/घाटा जोडिएको हुन्छ, त्यसैले सहकारी संस्थाले सञ्चालन गरेको व्यवसायलाई आफ्नो सम्झेर सोही अनुरुप समान धारणाको विकास गरिनुपर्दछ । सहकारीका सदस्य भनेको संस्थाका मालिक भएकाले नाफा हुँदा हौसिने र घाटा हुदाँ आतिने र शेयर फिर्ताको वातावरण सिर्जना गर्ने प्रवृतिको अन्त्य हुन जरूरी छ ।

नेपालको सहकारी आन्दोलनको सुरुवातलाई हेर्दा सर्वप्रथम २०१० सालमा कार्यकारी आदेशबाट सहकारी विभागको स्थापना भएको थियो । चितवन जिल्लामा बाढीबाट भएको क्षतिबाट पुनर्बासको व्यवस्था मिलाउन तथा कृषिकार्यलाई निरन्तरता दिन वि.सं २०१३ सालमा बखान ऋण समितिको रूपमा पहिलो सहकारी संस्था गठन भएको पाइन्छ । तत्कालीन अवस्थामा राप्ती दुनमा आएको बाढी पहिरोको कारण अस्तव्यस्त भएको बस्ती विस्तारका लागि अमेरिकी सहयोगको राप्ती दुन परियोजना लागु भई सुरुवात भएको पाइन्छ । तत्कालीन प्रधानमन्त्री बी.पी. कोइरालाको नेतृत्वमा बनेको प्रथम जननिर्वाचित सरकारको तर्फबाट सहकारी संस्था ऐन २०१६ जारी गरियो । यसबाट सहकारी संस्थाको स्थापना र विकासका लागि मार्ग खुला भयो । त्यसपछि २०१८ सालमा सहकारी नियम बनाइयो ।

**नेपालको सहकारी विकासक्रमलाई तपसिल बमोजिम उल्लेख गर्न सकिन्छः**

सहकारी विभागको स्थापना वि.सं. २०१०, २०१३ चैत्र २० मा स्थापित प्रथम सहकारी संस्था (वखान सहकारी संस्था), सहकारी संस्था ऐन, २०१६ तथा सहकारी संस्था नियमावली, २०१८ जारी, सहकारी प्रशिक्षण केन्द्रको स्थापना, २०१९, साझा संस्था ऐन, २०४१ तथा साझा संस्था नियमावली, २०४३ जारी, सहकारी ऐन, २०४८ तथा सहकारी नियमावली, २०४९ जारी, सहकारी विभाग र अन्तर्गतका कार्यालयहरूको पुनः संरचना, २०६१, राष्ट्रिय सहकारी नीति, २०६९ जारी, सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना, २०६९ जेठ ५, सहकारी ऐन, २०७४ सहकारी नियमावली जारी २०७५ ।

**यसैगरी नेपालको सहकारीलाई हेर्दा सहकारीको योगदान तपसिल बमोजिम रहेको छ :**

- ❑ झन्डै ६७ प्रतिशत जनता कृषिमा आधारित रहेको, कृषि क्षेत्रको व्यावसायिक विकास र बजारीकरणमा सहकारीको योगदान रहेको ।
- ❑ कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान करिब ३३.१ प्रतिशत ।
- ❑ राष्ट्रिय अर्थतन्त्रमा सहकारीको योगदान वृद्धि हुँदै ३ प्रतिशतभन्दा माथि पुगेको ।
- ❑ हाल मुलुकभर २० वटा विषयगत केन्द्रीय संघ, एक एकवटा राष्ट्रिय सहकारी बैंक र राष्ट्रिय सहकारी महासंघ, ७० वटा जिल्ला सहकारी संघ, २४१ वटा विषयगत सहकारी संघ क्रियाशील रहेका ।
- ❑ सहकारीमा कुल सदस्य सङ्ख्या ७३,८५,५२८ रहेकोमा महिलाको सङ्ख्या ५६ प्रतिशत तथा पुरूषको सङ्ख्या ४४ प्रतिशत रहेको ।
- ❑ सहकारीमार्फत ९३,७७१जनाले प्रत्यक्ष रोजगारी पाएका ।
- ❑ देशभरका सहकारीको कुल सेयरपुँजी ९४ अर्ब, १५ करोड रहेको ।
- ❑ बचत सङ्कलनतर्फ रू. ४ खर्ब, ७८ अर्ब, ५८ करोड तथा कुल ऋण लगानी रू. ४ खर्ब, ५ अर्ब, ५१ करोडरहेको ।
- ❑ सञ्चालक समितिमा महिलाको करिब ३४ प्रतिशत सहभागिता, महिला सशक्तीकरण र समावेशी विकासमा सहकारी क्षेत्रबाट उल्लेखनीय योगदान ।
- ❑ मुलुकको कुल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रले ५% र वित्तीय क्षेत्रमा सहकारी क्षेत्रको योगदान १७ प्रतिशत भन्दा बढी रहेको अनुमान ।
- ❑ दसौं लाख जनतालाई उद्योग, व्यापार, पेशा, व्यवसायमार्फत प्रत्यक्ष/अप्रत्यक्ष रोजगारी मिलेको ।
- ❑ सामाजिक, सांस्कृतिक र जनचेतनाको क्षेत्रमा अतुलनीय योगदान ।

सहकारी अभियानको तहगत अवस्था
हाल जम्मा सहकारी संस्था : ३१४५०
जिल्ला सहकारी संघ एवम् विषयगत जिल्ला संघ : ३२६
प्रदेशस्तरीय सहकारी संघ : ११
राष्ट्रिय सहकारी बैंक : ०१

विषयगत केन्द्रीय सहकारी संघहरु : १८
राष्ट्रिय सहकारी महासंघ : ०१

**सहकारी क्षेत्रमा देखिएका समस्या तथा चुनौतीहरू :**
**समस्याहरू : (स्रोत : आर्थिक सर्वेक्षण, २०८१)**

- सहकारीको सिद्धान्त, मूल्यको परिपालना एवम् संस्थागत सुशासनको अभाव ।
- अर्थतन्त्रमा आएको सङ्कुचन र वित्तीय प्रणालीमा आएको अवरोधको असर ।
- अनुत्पादक क्षेत्रमा लगानी केन्द्रित ।
- सदस्यहरूको अपनत्वको अभाव ।
- बचत फिर्ताको चाप र ऋण असुलीमा समस्या ।
- नीतिगत एवम् कानुनी प्रावधानहरूको परिपालनामा उदासीनता ।
- दक्ष सिपयुक्त जनशक्तिको स्थायित्वको अभाव ।
- नीति, योजना र बजेट कार्यक्रमबीच असामञ्जस्यता ।
- फितलो सहकारी ऐन, नियम र निर्देशिकाका कारण दण्डहीनता ।
- सेवा प्रवाह प्रभावकारी हुन नसकेको (सबै जिल्लामा कार्यालय नभएको, हाल ३८ जिल्लामा मात्र कार्यालय कायम रहेको) ।
- जनशक्ति उत्प्रेरणाको कमी, भौतिक तथा वित्तीय साधनको कमी ।
- सहकारी क्षेत्रमा दीर्घकालीन सोच र व्यावसायिक योजनाको कमी ।
- सहकारी सिद्धान्त, ऐन, नियम र विनियम पालनामा उदासीनताका कारण सहकारी नियमन र सुशासन कायम गर्नमा समस्या ।
- सहकारीका सदस्यहरूलाई सहकारिताको शिक्षा तथा ज्ञानको कमी ।
- सहकारी संस्थाहरूको प्रभावकारी नियमन गर्न कानुनको अभाव ।
- सहकारी संस्थाहरूको अनुगमन तथा निरीक्षणको लागि जनशक्ति, साधनस्रोत र पूर्वाधारको अभाव ।
- सहकारी संघसंस्थाहरूमा उद्यमशीलता र व्यावसायिक क्षमताको कमी ।
- पुराना सहकारी संस्थाका सम्पत्ति तथा दायित्व फरफारकमा समस्या ।
- संघ, संस्था सञ्चालकहरूमा इमानदारिता तथा व्यावसायिकताको कमी ।
- सहकारी संघसंस्थाको कारोबारमा पारदर्शिताको अभाव ।
- सहकारी–सहकारीबीच अस्वस्थ प्रतिस्पर्धा ।
- सहकारी संघसंस्थामा राजनैतिक प्रतिस्पर्धा र हस्तक्षेप ।
- सञ्चालक तथा कर्मचारीमा जिम्मेवारी र जबाफदेहितामा कमी ।

**चुनौतीहरू :**

- सहकारी क्षेत्रमार्फत सेवाको पहुँच तथा गरिबी निवारण ।
- नियमन, नियन्त्रण, अनुगमन र स्वःअनुशासनबीचको फराकिलो अन्तर ।
- सहकारीप्रतिको विश्वसनीयता र सदस्यहरूको बचत सुरक्षा तथा हित संरक्षण ।
- सीमित भौतिक तथा मानवीय स्रोतबाट व्यापक क्षेत्रको जिम्मेवारी पूरा गर्नुपर्ने ।
- सहकारी क्षेत्रमा गैर सदस्यसँग कारोबारसञ्चालन र अपारदर्शी कारोबार ।
- सीमित जनशक्ति र नवशक्तिशाली संस्थाहरूको व्यवस्थापनबीचको तादात्म्यता ।
- सरकारी, सहकारी, गैरसरकारी क्षेत्रबीचको समन्वय र सहकार्य ।
- सदस्यहरूको सङ्ख्या र सहकारी शिक्षा/क्षमता अभिवृद्धिबीचमा रहेको खाडल ।
- सहरी क्षेत्रमा बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन ।

सहकारीको विश्व इतिहासलाई नियाल्दा जर्मनबाट बचत तथा ऋण सहकारी, डेनमार्कबाट दुग्ध सहकारी, जापान र इजरायलबाट कृषि सहकारी आन्दोलनको सुरूवात भएको देखिन्छ । सहकारीका प्रवर्तक (Father of Coopertive)

भनेर चिनिने Robert Owen सँगै विश्व इतिहासलाई हेर्ने हो भने सन् १८४४ मा वेलायतको रोचडेल सहरको कपडा कारखानामा काम गर्ने एकजना महिलासहित २८ जना श्रमिकद्वारा एक एक पाउण्डका दरले सेयर उठाई स्थापना गरेको 'रोचडेल इक्विटेबल पायोनियर्स सोसाइटी' लाई नै विश्वको पहिलो सहकारीको रूपमा लिइएको छ । जुन उपभोक्ता पसलका रूपमा स्थापना भएको थियो जसले बेलायतको मात्र नभई विश्वका अन्य मुलुकहरूमा महत्त्वपूर्ण प्रभाव पार्न सफल भयो । बचत तथा ऋण सहकारीको बिकासक्रम हेर्ने हो भने सन् १८४९ मा जर्मनीबाट यसको सुरुवात भएको पाइन्छ । यहुदी साहुमहाजनहरूको चर्को शोषणबाट मुक्ति पाउन F.W. Raiffeisen जस्ता व्यक्तिहरूको प्रयासमा सन् १८४९ मा जर्मनीमा Union in Aid of Impowerished Farmers नामक संस्था स्थापना भयो यो नै पहिलो बचत तथा ऋण सहकारी संस्था हो । सन् १८४४ मा बेलायतबाट सुरू भएको विश्व सहकारी अभियान आज २०२४ सम्म आइपुग्दा करिब १ अर्ब ९२ करोड सेयर सदस्यका साथ निरन्तर अगाडि बढेको छ भने विश्वका धेरै देशले सहकारी पद्धतिलाई अवलम्बन गरी अर्थतन्त्रको विकास गरेको देखिन्छ । यिनै उपलब्धिलाई आधार मानेर सन् २००९ मा संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्ष घोषणा गरेको थियो ।

विश्वका धेरै मुलुकहरूले सहकारीका माध्यमबाट गरिबी न्यूनीकरण गर्दै देशको आर्थिक विकासमा उल्लेखनीय योगदान गरेको विषयमा, नेपालजस्तो न्यून आर्थिक वृद्धिदर भएको मुलुकले पनि गरिबी न्यूनीकरणका लागि सहकारीको व्यावसायिक प्रयोगमा जोड दिनु अपरिहार्य भएको छ । सहकारी क्षेत्रलाई राज्यले एउटा प्रमुख आर्थिक स्तम्भको रूपमा स्वीकार गरेको छ । मुलुकभरि सहकारी संघ/संस्थाले गरिबी न्यूनीकरणका लागि महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् । जनचेतना, महिला सशक्तीकरण, सामूहिक वातावरण, हाम्रो भन्ने भावना आदिको विकासमा सहकारीको योगदान उल्लेखनीय रहेको छ । वर्तमान समयमा अर्थतन्त्रमा महत्त्वपूर्ण स्थान ओगट्न सफल हुँदै आएको सहकारी क्षेत्रको सहभागिताबिना राष्ट्रिय अर्थतन्त्र बलियो हुन सक्दैन । नेपालको सहकारी अभियान हेर्ने हो भने यसको सञ्जाल देशका सबै जिल्लामा पुगिसकेको छ । विशेष गरी ग्रामीण भेगका महिला, सामाजिक तथा आर्थिक विकासमा समेत पिछडिएका समुदायको क्षमता विकास तथा नेतृत्व विकासका साथसाथै आर्थिक विकासमा समेत उल्लेखनीय योगदान दिन सहकारी अभियान सफल भएको देखिन्छ ।

**आदरणीय सेयरधनी महानुभावहरू,**
तपाईँ हामी सबै मिलेर पारस्परिक सहयोगको भावनालाई व्यवहारमा ल्याई कार्य गर्दै गएमा भविष्यमा यस संस्थाको प्रगति गर्न सम्भव हुने कुरा निर्विवाद छ । सहकारी संस्थामा आबद्ध हुनेहरूले नियमित रूपमा बचत गर्ने कार्यक्रमलाई महत्त्वपूर्ण कार्य हो भनी मनन गर्न आवश्यक छ । संस्थाको आय-व्यय लेखा परीक्षण सम्बन्धमा निर्वाचित लेखा समितिबाट आन्तरिक लेखा परीक्षण र वार्षिक रूपमा अधिकार प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गरी आय-व्ययको विस्तृत विवरणको प्रतिवेदन यही पुस्तिकामा उल्लेख गरिएको छ । संस्थालाई अझ बढी पारदर्शी संस्थाको रूपमा विकास तथा विस्तार गर्न हाम्रो र राम्रो नमुनायोग्य संस्था बनाउनका लागि सम्पूर्ण सेयरधनी महानुभावहरूको बराबर योगदान हुने हुँदा आ-आफ्नो क्षेत्रबाट राय सुझाव सल्लाह साथै संस्थाको सम्पूर्ण कारोबार सफ्टवयेरबाट सञ्चालित भएको हुँदा निश्चिन्त रूपमा आफ्नो सम्पूर्ण आर्थिक कारोबार यस संस्थाबाट सञ्चालन गर्नु हुन म हार्दिक अनुरोध गर्दछु ।

**अब म सञ्चालक समितिको तर्फबाट संस्थाको २०८०/२०८१ को प्रगति समीक्षा, समग्र आर्थिक कारोबार, चुनौति तथा समस्याहरू, संस्थाका नीति, संस्थाले हासिल गरेका उपलब्धिहरू र भावी कार्ययोजना तथा प्रस्तावहरू प्रस्तुत गर्न चाहन्छु ।**

१. **सञ्चालक समितिका नियमित वैठक तथा निर्णयहरू**
संस्थाका नियमित कार्यक्रमहरु सञ्चालनमा ल्याउन, कार्यक्रम विकास एवम् विभिन्न कार्यक्रमहरूको समीक्षा गर्दै आवश्यकता बमोजिमका अल्पकालीन/दीर्घकालीन रणनीति तयार गर्दै अगाडि बढ्ने गरिएको र बैठकमा सकेसम्म सबै विभागीय प्रमुखहरु तथा सल्लाहकारहरूसमेतलाई आमन्त्रण गरी बैठक सम्पन्न गर्ने गरिएको छ । ऐनमा प्रत्येक ४५ दिनमा नबढ्ने गरी बैठक बस्नुपर्ने व्यवस्था भए पनि यस आ.व. २०८०/८१ मा सञ्चालक समितिका जम्मा १६

वटा बैठक सम्पन्न भएका छन् । साथै उपसमितिहरूको बैठक आवश्यकता बमोजिम बस्ने गरेको छ भने यस आर्थिक वर्ष २०८०/८१ मा कर्जा उप समितिका ३७ वटा बैठक सम्पन्न भएका छन् । त्यसैगरी यस आर्थिक वर्षमा लेखा समितिका चारवटा बैठक सम्पन्न भएका छन् ।

२. **वार्षिकोत्सव कार्यक्रम सम्पन्न**

संस्थाको १५ औँ वार्षिकोत्सव कार्यक्रम मिति २०८१ असार ५ गते काठमाडौँमा सम्पन्न गरिएको थियो । कार्यक्रममा सल्लाहकार, संस्थाका सेयर सदस्य एवं शुभेच्छुकहरूको सहभागिता रहेको थियो ।

३. **प्रविधिमैत्री सेवा सञ्चालन**

परिवर्तित समयको मागसँगै संस्थालाई प्रविधिमैत्री बनाउने क्रममा यस आ.व. भित्र मोबाइल एप र एस.एम.एस. मोबाइल बैंकिङको सुरूवात गरिसकिएको छ भने एटिएम तथा खल्ती एकाउन्टमार्फत सदस्यहरूलाई थप सुविधा दिनका लागि कार्यालय तथा कर्मचारी व्यवस्थापन थप सुदृढ गरी सेवालाई थप प्रविधिमैत्री बनाउनको लागि कर्मचारीलाई प्रशिक्षण कार्यक्रमको व्यवस्था गरिनेछ ।

४. **सदस्यता**

संस्थाले आफ्नो कार्यक्षेत्रभित्रका प्रत्येक घर परिवारबाट कम्तीमा एक सदस्य बनाउने नीति लिँदै आएको छ र यही नीतिअनुरूप नयाँ सदस्यहरूलाई सदैव स्वागत गर्दै आएको पनि छ । विगत वर्षहरूमा जस्तै यस आर्थिक वर्षमा पनि संस्थाको उदार नीतिबमोजिम नै विशेष गरी न्यून आय भएका कार्यक्षेत्रभित्रका व्यक्तिहरूलाई सेयर दिन सकिने व्यवस्था गरिएको छ । गत आ.व. २०७९/२०८० को आषाढ मसान्तसम्म आइपुग्दा सो सङ्ख्या ६०७ पुगेकोमा जसमध्ये महिलाको सङ्ख्या ३७७, पुरूषको सङ्ख्या २३० रहेको थियो भने २०८०/२०८१ को अन्तसम्ममा जम्मा शेयर संख्या, ६०५ महिलाको सङ्ख्या २३१, पुरूषको सङ्ख्या ३७४ रहेका छन् । आ.व. ०८१/८२ मा ८०० सदस्य पुऱ्याउने लक्ष्य लिइएको छ ।

५. **सेयरपुँजी**

सेयर पुँजी आ.व. २०७३/२०७४ मा १,८२,५५,०००/- रहेकोमा आ.व. २०७४/२०७५ को अन्त्यसम्म आइपुग्दा केही सेयरधनीले आर्थिक अवस्था देखाई सेयर फिर्ता गरेकाले सेयर रकम घट्न गई १,६७,२६,२००/-, आ.व. २०७५/२०७६ को अन्त्यसम्म आइपुग्दा करिब ३० प्रतिशत (रू. ४९९,८४००/-) ले वृद्धि भई रू. २,१७,२४,६००/- पुगेको र २०७६/२०७७ को अन्त्यसम्म आइपुग्दा २,५१,५६,२००/- । २०७७/२०७८ को अन्तसम्ममा सेयर पुँजी रू. २,७०,९२,२००/- पुगेको थियो भने २०७८/२०७९ मा २,८५,३८,८००।००, २०७९/२०८० मा जम्मा रू. २,९४,४८,६००/- सेयरपुँजी पुगेको थियो भने आर्थिक वर्ष २०८०/०८१ मा सेयर पुँजी रू. २ करोड ८३ लाख २२ हजार ७ सय पुगेको छ ।

६. **नियमित बचत**

धान्याञ्चल बचत तथा ऋण सहकारी संस्थाले सदस्यहरूलाई सदैव बचत गर्न उत्प्रेरित गर्दै आएको छ । बचत नै उनीहरूको सुरक्षित र सुखद भविष्यको आधार हो । सदस्यहरूलाई आफ्नो सुविधा र आवश्यकता अनुसार बचत योजना छनोट गर्न सहज होस् भनी संस्थाले विभिन्न प्रकारका बचत योजनाहरु सञ्चालन गरेको छ र सोहीबमोजिम विगत लामो समयदेखि आवधिक बचत, बाल बचत, गृहिणी बचत, जेष्ठ नागरिक बचत, स्वेच्छिक बचत, नारी बचत, अपाङ्ग बचत, धान्याञ्चल सुपर बचत, प्रिमियम बचत, खुत्रुके बचत आदिमार्फत पनि बचत गर्न सक्ने प्रावधान बनाइएको छ । सहकारी संस्थाको मूल मर्म भनेको नै नियमित तथा आवधिक बचत भएकाले सदस्यहरूमा अनिवार्य बचत गर्ने बानी पार्नुपर्ने चुनौतीका बिच पनि संस्थाले आ.व. २०७९/८० मा रु ७,७७,१४,७१९/१० थियो भने ०८०/८१मा ८,०२,२२,१२९.२७ बचत गर्न सक्षम भएको छ जुन रकम अघिल्लो वर्षको तुलनामा ३.२७ प्रतिशतले बढी हुन गएकोले नियमित मासिक बचत गर्ने सदस्यलाई अन्य बचत खाता अर्थात् धान्याञ्चल सुलभ वा आवधिक खातामा परिवर्तन गर्नको लागि थप मौका दिइनेछ । स्वैच्छिक बचतमा ७ प्रतिशत ब्याजदर प्रदान गरिँदै आएकोमा यस वर्ष पनि सोही ब्याजदरलाई निरन्तरता दिइनेछ भने अनिवार्य बचतमा ९% ब्याजदरको विगतको प्रावधानलाई निरन्तरता दिइनेछ । शेयर बचतको अनुपात सकेसम्म १:१५ मा कायम राख्न सदस्यहरूलाई अभिप्रेरित गरिर्नेछ ।

७. **कर्जा लगानी तथा कर्जा असुली**

आर्थिक वर्ष २०८०/८१ मा कर्जा लगानी रू. १३,००,००,०००/- लक्ष्य राखिएकोमा जम्मा १२,८८,७३,६३२.६६ पुगेको छ भने अघिल्लो वर्षको तुलनामा ११,२६,३६७.३४ ले कमी भएको अर्थात लक्ष्य अनुसार ०.९% ले कमी छ । सदस्यहरूको आवश्यकताअनुसार कर्जाको सीमा बढाउँदै लैजान नियमित मासिक बचत, सेयर खरिद तथा कर्जाका दैनिक, मासिक किस्ता तथा एकमुष्ट चुक्ता गर्ने बानी पार्नु जरूरी भएकाले उक्त कार्यलाई नियमित र अनिवार्य गरी लागु गरिनेछ र कर्जा लगानी आ.व. २०८१/०८२ मा रू. १४,१७,६१,०००/- पुऱ्याइने लक्ष्य राखिएको छ । कर्जा लगानीतर्फ गएको

आ.व. मा गरिएको निर्णयलाई परिवर्तन गरी सामूहिक धन जमानत तथा धितो जमानतमा मात्र सञ्चालक समितिको परामर्शमा ऋण प्रवाह गर्ने नीतिलाई कडाइका साथ लागु गरिनेछ । कर्जा प्रवाह गर्दा दैनिक तथा मासिक भुक्तानी प्रक्रियालाई कडाइका साथ लागु गरिनेछ भने धितो प्रकृयाद्वारा ऋण प्रवाह अघि बढाउने कार्य सुरू भइसकेकोले यसलाई थप प्रभावकारी बनाइनेछ भने ऋणीको आम्दानीको स्रोत अर्थात् पहिचान गरेर मात्रै कर्जा लगानी गरिनेछ ।

**८. सेयर लगानी**

| सि.नं. | बिबरणहरू | २०८० आषाढ मसान्तको रू. |
|---|---|---|
| सेयर लगानी | | |
| १ | जिल्ला सहकारी संघ लि. | १०,०००.००/- |
| २ | प्रभु (हब) कोअपरेटिभ सर्भिस लि | १००,०००.००/- |
| ३ | महेन्द्र नारायण निधि मेमोरियल स्वास्थ्य संस्था लि. | १००,०००.००/- |
| ४ | राष्ट्रिय सहकारी बैंक लिमिटेड (एनसिबिएल) | १०,०००.००/- |
| ५ | नेपाल बचत तथा ऋण के.स. संघ लि. (नेफ्स्कुन) | १,११२,४००.००/- |
| ६ | नेपाल सहकारी बैंक लि.(प्रस्तावित) | १००,०००.००/- |
| ७ | काठमाडौँ बचत तथा ऋण स. संस्था लि. (कास्कुन) | ३५५,०००.००/- |
| | **जम्मा रू.** | **१,७८७,४००.००/-** |

**९. सहकारी अभिमुखीकरण कार्यक्रम**

संस्थाको दिगो विकासको मूल आधारका रूपमा सहकारी शिक्षा तथा तालिमलाई लिइएको छ । सदस्यहरु, कर्मचारी र सञ्चालकहरूलाई नियमित तालिम सञ्चालन गर्ने गरी संस्थाले भौतिक पूर्वाधारको विकास गर्ने र संस्थाका योजनाहरु प्रभावकारी रूपमा कार्यान्वयन गर्न दक्ष जनशक्तिका साथमा संस्था र सहकारीप्रतिको साझा बुझाइ सदस्यहरूका बिचमा कायम गराउन र शिक्षा तथा तालिमकै माध्यमबाट सदस्यहरूलाई सुसूचित गराउन निरन्तर शिक्षा तथा तालिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ, साथै यस आ.व मा राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून तथा कास्कुनद्धारा सञ्चालित विभिन्न तालिममा विभिन्न व्यक्तिहरू सहभागी हुनुभएको थियो । सेयरधनीहरूलाई संस्थाप्रति बढीभन्दा बढी जागरूक बनाउने उद्देश्यले संस्था स्थापनासँगै सहकारी विज्ञमार्फत पटक पटक विभिन्न कार्यक्रमको आयोजना गरिएकोमा आउँदा दिनहरूमा समेत यस्ता कार्यक्रमहरूलाई थप निरन्तरता दिइने छ ।

**१०. सदस्य तथा कर्मचारी हितकोषको स्थापना**

सदस्यहरूको सर्वाङ्गीण हित नै सहकारी संस्थाको मुख्य सिद्धान्त हो । संस्थाले सञ्चालन गर्ने हरेक कार्यक्रमहरु सदस्यहरूको आवश्यकता र हितलाई मध्यनजर गरेर सञ्चालित हुनुपर्ने कुरामा बढी जोड दिइएको छ । आ.व. ०७८/७९ देखि जन्मदेखि मृत्युपर्यन्तसम्मको सारथी सहकारी हुनुपर्छ भन्ने मान्यतालाई आत्मसात् गर्दै सदस्य तथा कर्मचारी हितकोष परिचालन कार्यविधि २०७८ सञ्चालक समितिले बाह्रौं साधारण सभाबाट पारित गरी लागु गरिएको छ । यो कार्यविधि लागु भएसँगै सदस्यको हकमा सदस्य बनेको ३ वर्षपछि र कर्मचारीको हकमा सेवा अवधि ५ वर्ष पूरा गरेपछि लागु हुने गरी निम्न सुविधाहरु उपलब्ध गराइनेछः

- ❑ महिला सदस्य सुत्केरी हुँदा सुत्केरी स्याहारका लागि रू. ३०००।- (अक्षेरूपी तीन हजार रूपियाँमात्र) उपलब्ध गराउँदै आएको छ ।
- ❑ सेयर सदस्यको मृत्यु भएमा काजक्रिया खर्चस्वरूप रू. २०,०००।- (अक्षरूपी बिस हजार रूपियाँमात्र) उपलब्ध गराउने ।
- ❑ कर्मचारीको मृत्यु भएमा काजक्रिया खर्चस्वरूप रू. २५,०००।- (अक्षेरूपी पच्चिस हजार रूपियाँमात्र) उपलब्ध गराउने ।
- ❑ संस्थामा आबद्ध सदस्य तथा कर्मचारी जुनसुकै कारणले पनि दुर्घटनामा परी अङ्गभङ्ग भई अस्पतालमा भर्ना भएर उपचारका लागि १ वर्षभन्दा बढी खर्चिनुपरेमा रू. १५,०००।- (अक्षेरूपी पन्ध्र हजार रूपियाँमात्र) चिकित्सकको सिफारिसअनुसार उपलब्ध गराउने ।

**११. आयमा वृद्धि**

विगत ९ वर्षदेखि संस्था अपेक्षाकृत नाफा उन्मुख भइरहेकोमा आगामी दिनमा संस्थालाई अझ बढी नाफा उन्मुख बनाई सेयरधनीहरूलाई लाभांश वितरण गरिने कार्यमा संस्थाका विभिन्न सेवाहरु Remittance, E-Sewa, Recharge,

Internet Banking जस्ता सेवाहरूमार्फत पनि अघि बढाइने छ । संस्थाका विभिन्न सेवाहरूमार्फत सदस्यहरूलाई दैनिक जीवनमा आइपर्ने विभिन्न सेवाहरु सुचारू गर्ने कार्य प्रारम्भ भइसकेको छ ।

**१२. कोष व्यवस्थापन**

संस्थाको उन्नति, प्रगति र गतिशीलताको लागि कोष परिचालन एवम् व्यवस्थापनको अहम् भूमिका रहने हुँदा कोषको लक्ष्यअनुरूप सहकारी शिक्षा, सामाजिक उत्तरदायित्व तथा संस्था स्थितीकरण र सहकार्यमूलक अध्ययन अवलोकन भ्रमण आदि गतिविधिहरु केही वर्षदेखि गर्न नसकिएकोमा आर्थिक मन्दीलगायत विभिन्न क्षेत्रमा देखापरेका विभिन्न समस्याहरु समाधान हुनासाथ सञ्चालन गरिने छ ।

**१३. व्यक्तिगत बचत खाता**

संस्थाले आफ्ना सदस्यहरूका लागि नियमित मासिक बचत, स्वैच्छिक बचत, आवधिक बचत तथा महिला, बाल, ज्येष्ठ नागरिक तथा अपाङ्ग, शैक्षिक बचतजस्ता विभिन्न खाताहरु सञ्चालनमा ल्याएको विदितै छ । यी विभिन्न खाताहरूलाई आगामी वर्षहरूमा समेत थप प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याउनको लागि कर्मचारीलाई प्रशिक्षण मार्फत क्षमतामा विकास गरी सदस्यलाई प्रोत्साहन गर्न सक्ने बनाइने छ ।

**१४. सूचनामूलक प्रकाशनको निरन्तरता**

धान्याञ्चल दर्पण, Leaflet, भित्रेपात्रो, गोजीपात्रो आदिको प्रकाशनबाट संस्थाका गतिविधिको सूचना प्रवाह गरी संस्थाको गरिमालाई उँचो बनाएको सर्वत्र महसुस भएको सन्दर्भमा सोलाई निरन्तरता दिँदै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई थप निरन्तरता दिइनेछ । आगामी वर्षहरूमा पनि स्मारिका, Leaflet, गोजी पात्रो, डायरी तथा Website जस्ता माध्यमबाट उक्त कार्यक्रमलाई प्रभावकारी ढङ्गले निरन्तरतादिइनेछ ।

**१५. कार्यालय व्यवस्थापन**

कार्यक्षेत्रलाई थप प्रविधिमैत्री तथा समय सापेक्ष बनाई Corporate Culture को रूपमा विकसित गर्ने कामलाई प्रभावकारी ढङ्गले अघि बढाइने छ । संस्थालाई व्यवस्थित र प्रतिस्पर्धी बनाउनका लागि आगामी वर्ष थप दक्ष कर्मचारीको व्यवस्थासँगै उनीहरूलाई संस्थाप्रति थप जिम्मेवार र प्रविधिमैत्री बनाइनेछ । कार्यक्षेत्रमा देखिएका समस्या तथा भौतिक सामग्रीको यथोचित व्यवस्थापन तथा Physical Counting मार्फत संस्थाको सम्पत्तिलाई थप व्यवस्थित गर्ने कार्यलाई कर्मचारीलाई थप जिम्मेवार बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

**१६. मानव संसाधन विकास**

जबसम्म संस्थाले बनाएका योजनाहरु कार्यन्वयन गर्न सक्षम प्रविधिहरूको प्रयोगमा दक्ष जनशक्ति तयार हुँदैन तबसम्म संस्थाले गतिशीलता प्राप्त गर्न सक्दैन । प्रभावकारी कार्यसम्पादन नहुँदा संस्थाको लक्ष्य र उद्देश्य पूरा हुन नसक्ने भएकाले कर्मचारी प्रशासन नीतिमा समेत आवश्यक संशोधन गरिएको छ । वर्षैपिच्छे कार्ययोजना तयार गरी प्रत्येक कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्ने, त्रैमासिक रूपमा कर्मचारीको स्वमूल्याङ्कन गर्ने र कार्यसम्पादन मूल्याङ्कनकै आधारमा कर्मचारीहरूलाई पुरस्कार र दण्डको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइने यस अघिको निर्णयलाई थप प्रभावकारी बनाइनेछ ।

**१७. GO AML मार्फत सम्पत्ति शुद्धीकरण**

सहकारीमा सम्पत्ति शुद्धिकरण निर्देशन २०७४ लागु भई कार्यान्वयन भईरहेको छ । गत बर्षसम्म रहेको कागजी प्रतिवेदन बुझाउनुपर्ने व्यवस्थालाई परिमार्जन गरी GO AML मार्फत सम्पत्ति शुद्धीकरणसम्बन्धी प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था गरेको छ ।

शङ्कास्पद तथा गैरकानुनी तरिकाले आर्जन गरिएको सम्पत्तिलाई नियन्त्रण गर्न सम्पत्ति शुद्धीकरणसम्बन्धी व्यवस्था भएको सदस्यहरूलाई जानकारी गराउन चाहन्छु । सम्पत्ति शुद्धीकरणसम्बन्धी विवरण हरेक बैंक, फाइनान्स तथा सबै सहकारी संस्थाहरूले नियमित रूपमा नियामक निकायमा पठाउनुपर्ने हुन्छ । जसअनुसार हरेक सदस्यले नियमित रूपमा सदस्य पहिचान फाराम भर्नुपर्ने हुन्छ । उक्त कार्यको लागि सहकारीले एक कर्मचारी नियुक्त गर्ने वा एकजना व्यवस्थापकिय कर्मचारीले कम्प्लाएन्स अफिसरको रूपमा सोसम्बन्धी आवश्यक कामहरू नियमित रूपमा गर्नुपर्ने प्रावधान भए अनुसार यस संस्थाले एकजना व्यवस्थापकीय कर्मचारीलाई कम्प्यायन्स अफिसर नियुक्त गरी जिम्मेवारी दिइरहेको छ । गत वर्षसम्म GO-AML  कार्यान्वयन गर्न नसकिएको भए तापनि पनि यस वर्षदेखि कार्यान्वयन गर्ने नीति लिइएको छ ।

## १८. सहकारी एकीकरणमा देखिएका समस्याहरू

सहकारी एकिकरण, जनसङ्ख्याको आधारमा सहकारीको सङ्ख्या निर्धारणजस्ता विषय पुनरावलोकन हुनु आवश्यक छ । हालसम्म जति सहकारी संस्था समस्याग्रस्त घोषित छन् प्रायः आकारमा ठुला भएका नै देखिएका छन् । यस्तो हुँदाहुँदै किन हामी एकीकरणमार्फत ठुलो आकारको सहकारी बनाउनतर्फ जोड दिइरहेका छौँ ? स्थानीय स्तरमा सामुदायिक भावनाले केन्द्रित सहकारीहरू स्वनियमनमा सञ्चालित देखिन्छन् । एकीकरणलाई प्रोत्साहन दिइरहँदा साना तर स्वनियमन राम्रा भएका प्रारम्भिक सहकारीहरू मारमा पर्ने देखिएको छ । सहकारीको मर्म, सिद्धान्त पनि ससाना पुँजी एकत्रित गरी समुदायको हितका लागि सहकारी सञ्चालन गर्ने रहेको हुँदा विद्यमान कानुनमा केही पुनरावलोकन हुनु हामीले जरूरी ठानेका छौं । निरीक्षणका क्रममा स्वनियमन ठिक देखिएका सहकारीलाई प्रोत्साहन गर्दै समस्याग्रस्तलाई आवश्यक कारवाही गर्न सके न्यायोचित हुने हामीले ठानेका छौं ।

अर्कोतर्फ सहकारी बिचको एकीकरण सोचे अनुरूप सजिलो देखिएन । ऋण जोखिममा रहेका सहकारीलाई असल सहकारीले एकीकरण गर्न नचाहने, सेयर स्वाप अनुपातमा छलफल हुनै नसक्ने, नामकरणमा समस्या उत्पन्न हुने जस्ता केही समस्याहरू एकीकरणका लागि प्रत्युत्पादक हुने कारण सहजै एकीकरण हुने देखिँदैन ।

## १९. "उत्कृष्ट सहकारी पुरस्कार २०८० बाट पुरस्कृत भएसँगै उत्साह तथा चुनौती

पुरस्कार आफैंमा अमूल्य हो । २०८० सालमा यस धान्याञ्चल "सहकारी काठमाडौँ महानगरपालिकाबाट उत्कृष्ट सहकारी पुरस्कार २०८०" बाट पुरस्कृत भएको सवै सदस्य महानुभावहरूमा अवगत नै छ । काठमाडौँ महानगरपालिका स्थापना दिवसको अवसरमा प्रदान गरेको उक्त पुरस्कार हामीले अमूल्य गहनाको रूपमा लिएका छौं । पुरस्कार प्राप्त भएसँगै गुणस्तरीयता, पारदर्शिता, सहकारी मूल्यमान्यता तथा विद्यमान कानुनको परिपालना गर्दै जनभावना अनुसार आर्थिक तथा सामाजिक समृद्धि हासिलका लागि तपाईँ हाम्रो काँधमा थप चुनौती थपिएको छ । प्राप्त पुरस्कारले असल सहकारी अभ्यासका लागि हामीलाई थप ऊर्जा प्रदान गरिरहको छ । हामीले यसै विषयलाई शिरमा राखेर यस बर्ष महत्त्वपूर्ण सुधार गरिरहेका छौं । संस्थाको आर्थिक सूचकाङ्क अब्बल राख्न हामी सफल भइरहेका छौं । क्रियाशील लेखा सुपरिवेक्षण समितिको मार्गदर्शन अनुसार सहकारीलाई अगाडि बढाइरहेका छौँ । कुशल एवं अनुभवी व्यवस्थापनबाट कर्मचारी मनोबल बढाई क्षमता अभिवृद्धि गराइरहेका छौँ । सदस्यको हितलाई ध्यानमा राखी शिक्षा स्वास्थ्य क्षेत्रमार्फत थप लाभ प्रदान गर्न कार्यविधिहरू निर्माण गरिरहेका छौँ । संस्थालाई सबलीकरण गर्दै लैजान भएका नीति नियमहरूको पुनरावलोकन गरी थुप्रै नयाँ कार्यविधिहरू निर्माण गरिरहेका छौँ । सबै सदस्यहरूलाई नियमित कारोवार गराउनतर्फ पुरै संयन्त्र परिचालन गरिरहेका छौँ ।

## २०. प्रस्तावित सेयर लाभांश

आ.व. ०८१।०८२ मा सहकारीले नाफा गरेको रकम तोकिएको कोषहरूमा छुट्याएर मात्र लाभांश वितरण गर्न सकिने भएकोले सहकारी ऐन २०७४ मा व्यवस्था भए अनुसार विगतका बर्षहरूझैँ संस्थाले नाफा गरेको रकमबाट कर कार्यालयलाई आयकर बापत तिर्नुपर्ने रकम भुक्तान गरी सदस्यहरूलाई लाभांश वितरण गर्न प्रस्ताव गरेको छु ।

## २१. सदस्य लक्षित अन्य प्रवर्द्धनात्मक कार्यक्रमहरू

### क) सामाजिक सेवा कोषको थालनी

सामाजिक सेवा कोष बापत ०७३/०७४ देखि सुरू गरिएको रू. ३०० लाई छुट्टै कोषको व्यवस्था गरी भविष्यमा सेयरधनीका सन्ततिलाई आइपर्ने कडा रोग, प्रसुति, प्राकृतिक प्रलयजस्ता शीर्षकमा खर्च गरिनुका साथै सोको दायरालाई बृहत् बनाई अगाडि बढाइएको छ । साथसाथै सेयरधनी, सेयरधनीका सन्तति तथा बुवाआमाको निधनमा दाहसंस्कार खर्च रू. ७५००/- दिइ आएकोमा संस्थाको समृद्धिसँगै आगामी दिनमा थप प्रभावकारी बनाउँदै लैजाने गरी उक्त रकमलाई निरन्तरता दिइनेछ ।

### ख) रक्तदान कार्यक्रम

संस्थाको आफ्नो वार्षिक उत्सव तथा विभिन्न अवसर पारेर रक्तदान कार्यक्रमको आयोजना गर्ने लक्ष्य लिए अनुरुप विगत वर्षहरुमा जस्तै यस आ.व. मा पनि रक्तदान कार्यक्रमको आयोजना गरी सामाजिक उत्तरदायित्व निर्वाह गर्ने र व्यापक सहभागिता जुटाई संस्थाको प्रचारप्रसार गर्ने कार्य सम्पन्न गरिएकोमा त्यसप्रकारका कार्यक्रमहरुलाई आगामी वर्षहरुमा समेत सामाजिक उत्तरदायित्वका रुपमा लिई निरन्तरता दिइनेछ ।

ग) **सम्मान कार्यक्रम**

विगत आ.व.हरुमा जस्तै आगामी आर्थिक वर्षहरुमा पनि संस्थाले आफ्नो कार्यक्षेत्र भित्रका विभिन्न व्यक्तित्वहरूलाई विभिन्न विधामा दिएका सम्मानलाई विस्तारसहित निरन्तरता दिइनुका साथै गत आ.व. देखि लागु भएको नयाँ विधा एक आर्थिक वर्षमा एकपटक पनि बचत फिर्ता नगर्ने ५०,००० भन्दा माथि ३ ठुला बचतकर्तालाई सम्मान गर्ने कार्यको प्रारम्भ गरिएको छ । SLC अथवा कक्षा १२ तर्फ उत्कृष्ट अङ्क प्राप्त गर्ने २ जना, सहकारी क्षेत्रमा उत्कृष्ट काम गर्ने सेयरधनी, बचतकर्ता, ऋणी तथा यस संस्थाको सेयर धनी भई विभिन्न क्षेत्रमा काम गरी विशिष्टता प्राप्त गर्ने व्यक्तिहरु तथा कार्य सम्पादनका आधारमा उत्कृष्ट कर्मचारीलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

घ) **बिमासम्बन्धी प्रावधान**

संस्थाले आफ्ना सेयरधनीको सेयर रकमलाई सुरक्षित गर्न तथा सेयरधनी र सेयरधनीका सन्ततिहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै राष्ट्रिय स्तरमा बिमा कम्पनी तथा सरोकारवालाहरु/विज्ञहरूसँग समन्वय गरी सुरक्षित बिमा प्रक्रियालाई विविध कारणले अगाडि बढाउन सकिएको छैन यथा सम्भव सो प्रकृया अघि बढाइनेछ । यसबाट संस्थाको आयमा वृद्धि हुनुका साथै सुरक्षित लगानीको थप सुनिश्चितता देखिने छ । यसै आर्थिक वर्षदेखि लागु हुने गरी सबै कर्मचारीहरूको स्वास्थ्य बिमा तथा दुर्घटना बिमा लागु गर्न पहल गरिनेछ ।

ङ) **सांस्कृतिक कार्यक्रम**

धान्याञ्चल बचत तथा ऋण सहकारी संस्थाको गरिमालाई उच्च बनाई साख अगाडि बढाउनको लागि संस्था अन्तर्गत रहेको सांस्कृतिक विभागलाई थप मजबुत बनाई विगतमा गर्दै आएको तिज विशेष कार्यक्रम, देउसी भैलोजस्ता कार्यक्रममार्फत संस्थालाई थप सशक्त बनाउन पहल गरिएकोमा यस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

च) **सामाजिक उत्तरदायित्व**

विगतका वर्षहरुदेखि निरन्तर रुपमा गरिँदै आएका सामाजिक कार्यहरूलाई सामाजिक उत्तरदायित्वको रुपमा लिई यस आ.व.मा समेत विभिन्न निकायहरूसँग समन्वय गरी प्रभावकारी ढङ्गले सम्पन्न गरिनेछ । टोल सरसफाई, बृद्ध आश्रमलाई सम्मान लगायतका विभिन्न कार्यक्रममा सहभागिता जनाइनेछ भने संस्थाको वार्षिकोत्सव तथा साधारणसभाको अवसर पारेर यस्ता सामाजिक उत्तरदायित्वसम्बन्धी कार्यक्रमलाई थप निरन्तरता दिइनेछ । संस्थाको कार्यक्षेत्र भित्र कुनै उपयुक्त ठाउँ भित्र पर्ने धार्मिक तथा पर्यटकस्थलमा प्रतिक्षालाय बनाउन पहल गरिनेछ ।

छ) **सेवा केन्द्र विस्तार सम्बन्धमा**

सङ्घीयता कार्यान्वयनसँगै सहकारी ऐनको मापदण्डमा रही कार्यक्षेत्र विस्तारसँगै सेवाग्राहीलाई पायक पर्ने ठाउँमा सेवा केन्द्र खोल्ने कामको सुरुवात गरिने भनेर विगतका आ.व.हरुमा भनिएकोमा सहकारी क्षेत्रमा देखिएको असहजता तथा आर्थिक मन्दीका कारण खोल्न नसकिएकोमा स्थिति सहज हुनासाथ कार्यान्वयनमा ल्याइनेछ ।

ज) **गुनासो व्यवस्थापन**

धान्याञ्चल साकोसले आफ्नो सेयरधनीहरुमा आइपरेका समस्याहरूको सुनुवाई गरी समाधान गर्ने प्रयास गरेको छ भने स्थानीय तह तथा सामाजिक संस्थाहरूसँग थप समन्वय गर्दै सेयर धनीहरूका समस्याहरूलाई यथोचित समाधान गर्ने प्रयास गरिएको छ । गुनासो सम्बोधन गर्ने यस प्रकृतिका कार्यलाई थप प्रभावकारी बनाई संस्थामा गुनासो गर्ने नपर्ने ढङ्गले अगाडि बढाउँदै लगिनेछ ।

२२. **संस्थाका चुनौतीहरू/अवसरहरू**

जनसङ्ख्या र जनघनत्व बढी हुनुका साथै यहाँ उद्योग व्यवसायका र रोजगारका लागि पनि अवसरहरु उत्तिकै छन् । यहाँ देशका अन्य भूभागमा भन्दा विकास पनि बढी भएका छन् भने बजार विस्तारको सम्भावना पनि प्रचुर छ । संस्थाका चुनौती तथा असरहरु निम्नानुसार छन्ः

१) वित्तीय बजारमा क्रियाशील बैंक तथा वित्तीय सेवा र अन्य संघ संस्थाहरुबिच हुने विशेष गरी बचत तथा ऋण लगानीमा हुने ब्याजहरूको अस्वस्थ प्रतिस्पर्धा तथा वित्तीय बजारमा अप्रत्यासित रुपमा आउने ब्याजदरको उतार चढावले पार्ने असरहरु ।

२) एउटै कार्यक्षेत्रमा समान प्रकृतिका धेरै संस्थाहरु भएका कारणले एकै व्यक्ति धेरै संस्थाहरूमा सदस्य भई वित्तीय कारोबार गर्ने गरेको र विशेष गरी एकै व्यक्तिलाई धेरै विकल्प भएकाले ऋण लिन सहज हुनाले प्रत्येक संस्थाबाट अनुत्पादक क्षेत्रमा ऋण कारोबार गर्ने र सोबाट हुने नकारात्मक असरहरु ।

३) पुँजी र दक्ष व्यवस्थापकीय जनशक्तिको अभाव रहनु यस सहकारी संस्थाको मुख्य चुनौती रहेको छ । योजनाअनुसार सेयर सदस्यता विस्तार गर्न र बचत उठाउन नसक्दा आवश्यक पुँजीको अभाव खड्किएको छ । दक्ष जनशक्तिको अभाव हुनु पनि यस संस्थाको अर्को चुनौतीका रूपमा रहेको छ ।

४) धान्याञ्चल साकोस ऐननियमका आधारमा मात्र नभई भावनात्मक सम्बन्धका आधारमा समेत सञ्चालित सहकारी भएकाले कर्जा लिएपश्चात् सेयरधनीले समयमै कर्जा भुक्तानी गर्न हेलचेक्र्याइँ गर्नु र संस्थाका तर्फबाट कर्मचारी मार्फत तथा कर्जा उपसमितिबाट थप कडाइ गर्न नसकिनु पनि यस संस्थाको चुनौतीका रूपमा रहेको छ ।

५) संस्थाका सबै सेयर सदस्यहरूमा सहकारी शिक्षा नहुनु, आवश्यक तालिम, भ्रमण आदिको व्यवस्था गर्न नसक्नु पनि अर्को समस्या हो । सहकारी शिक्षाको अभाव र संस्थाप्रतिको प्रतिबद्धता अनुसार कार्य गर्न नसक्नु ठूलो चुनौती हो । विशेष प्रकारले सहकारी सञ्चालनका बारेमा स्पष्टता हुनु आवश्यक छ ।

### क) विगतलाई फर्केर हेर्दा

संस्थाको विगत १० वर्षदेखिको आर्थिक पक्षलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

| आ.व. | सेयर पुँजी रू. | बचत रू. | कर्जा लगानी रू. | कुल सम्पत्ति रू. | सदस्य सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| ०७१/७२ | २५०५५०० | १७५२९९ | १५०९९०० | २४६३५८५/४२ | ४६ | |
| ०७२/७३ | १०१७५००० | ३१७८८८५४/६२ | ११२९५००० | १३४०३६७९ /७४ | २९० | |
| ०७३/७४ | १८२५५००० | ७५३४८७८/९५ | २३४७३७५५/४१ | २६१०१७४०/३१ | ३९१ | |
| ०७४/७५ | १६७२६२०० | ३१२२६०९०/५३ | ४५१८४१९२ | ४८६५१७८९/१९ | ५०४ | |
| ०७५/७६, | २१७२४६०० | ४१३०३७०६/३१ | ५६९१२००३/१८ | ६४९४०९०४/९९ | ५७१ | |
| ०७६/७७ | २५१५६२०० | ६७३४८०३३/८८ | ९०२३६१२१/९९ | १११९५३१४४ /६४ | ५८७ | |
| ०७७/७८ | २७००९२०० | ८६२४६०९१/०१ | १२१९०१८३८ /१३ | १४२०२२५०५ /१५ | ५७१ | |
| ०७८/७९ | २८५३८८०० | ८१८६८५४६/६३ | १४७५०७७४७ /१९ | १६२४९८५१४ /१९ | ५९१ | |
| ०७९/८० | २९४४८६०० | ७७७१४७१९/१० | १२९४३३०५९ /१७ | १३७३७०८६३ /१४ | ६०७ | |
| ०८०/८१ | २८३२२७०० | ८०२२२१२९/२७ | १२८८७३६३२/६६ | १३७४३९३३३/७६ | ६०५ | |

### २३. आर्थिक वर्ष २०८१/८२ का लक्षित कार्यक्रम तथा बजेट

१) सम्पूर्ण सदस्यहरूलाई Cash less कारोबार गर्नको लागि तथा सदस्यहरूलाई संस्थाबाट नै सम्पूर्ण वित्तीय सेवा लिन उत्प्रेरित गर्ने, विशेष गरी सबै सदस्यहरूलाई अनिवार्य नियमित मासिक बचत गराउनको लागि आवश्यक व्यवस्था गर्ने ।

२) शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक जागरणका कार्यक्रमको निरन्तरता तथा थप कार्यक्रमहरु सञ्चालन गर्ने ।

३) विगतका दिनमा गर्दै आएको सम्मान कार्यक्रमहरूलाई थप निरन्तरता दिने ।

४) विपद् व्यवस्थापन सम्बन्धमा सदस्यहरूलाई आवश्यक सेवा उपलब्ध गराउने ।

५) सञ्चालक समिति तथा उप-समितिका सदस्यहरूको नेतृत्व विकासका साथसाथै कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि तालिम, गोष्ठी, अन्तर्क्रिया र भ्रमणमा सहभागी गराउने ।

६) सशक्त र सबल साकोसको लागि एकीकृत साकोस अभियानलाई सफल पार्न नेफ्स्कुन लगायत अन्य संघसंस्थासँग समन्वय गर्ने ।

७) नयाँ सदस्य वृद्धि तथा पुराना सदस्यहरूलाई प्रत्येक वर्ष थप सेयर वृद्धिको लागि उत्प्रेरित गर्न आवश्यक रणनीति तर्जुमा गर्ने ।

८) स्थानीय भूगोल र कार्य क्षेत्रमा उपर्युक्त हुने सर्वसाधारणको पहुँच हुने गरी सेवालाई दिगो, एकीकृत र नवीनतम साझा प्रविधिमा आधारित सञ्जालीकरणको माध्यमबाट सदस्यहरूलाई एउटै नीति, विधि र प्रविधिबाट प्रभावकारी सेवा दिने ।

९) संस्थाको वित्तीय जोखिम र भविष्यमा आउन सक्ने सङ्कटपूर्ण अवस्थालाई न्यूनीकरण गर्नका लागि पर्ल्स

अनुगमन प्रणाली लगायत समयानुकूल वित्तीय मापन तथा विश्लेषणका औजारहरूको पूर्ण प्रयोग गरी वित्तीय अनुपात मिलान गर्दै संस्थाको पुँजी वृद्धि गर्न र स्तरीय लेखामान अनुसार वित्तीय विवरण प्रस्तुत गर्ने ।

१०) सहकारीका मूल्य, मान्यता र सिद्धान्तमा केन्द्रित भई सरकारका तिनै तहबाट निर्माण हुने सहकारी ऐन, नियमावली तथा कार्यविधिहरु सहकारीमैत्री बनाउन समन्वयात्मक भूमिका निर्वाह गर्ने र स्वनियमन प्रणाली विकास गर्ने ।

११) सहकारीको तथ्याङ्कलाई अध्यावधिक र नियमनलाई प्रभावकारी बनाउन कोपोमिसलाई अनिवार्य लागु गर्ने तथा सम्बन्धित निकाय र छाता संघहरूलाई आवधिक प्रतिवेदन अनिवार्य रूपमा पेश गर्ने ।

१२) विगतका तालिम तथा गोष्ठीहरु मार्फत आएका निष्कर्ष र प्रतिबद्धतालाई समयानुकूल अध्यावधिक गरी कार्यान्वयन गर्न प्रतिबद्ध रहने ।

१३) संस्थाको आफ्नै भवनबाट कार्य सञ्चालनको लागि Reserve Fund लाई बढी प्राथमिकतामा राखी अन्य वैकल्पिक उपायहरु अपनाई सो प्रकृया अघि बढाइने ।

**२४. वित्तीय स्रोत व्यवस्था र परिचालनतर्फ**

आन्तरिक स्रोतबाट मात्र आवश्यकता परिपूर्ति गर्न नसिकिएमा राष्ट्रिय सहकारी विकास बैंक, नेप्स्कुन, कास्कुन, युवा तथा स्वरोजगार विकास कोष लगायत विभिन्न निकायबाट सहुलियत दरको ऋण लिई परिचालन गरिनेछ ।

**२५. अनुगमन, मूल्याङ्कन र नियन्त्रण**

सुशासित, मर्यादित र संरक्षित ढङ्गबाट संस्था सञ्चालन गर्न नीति र विधिलाई संस्थाले प्रधान ठानेको छ । संस्था सञ्चालनको लागि आवश्यक पूर्वाधारसहित तहगत जनशक्तिको व्यवस्थापन गरिएको छ । संस्थाले सदस्यहरूको लागि उपलब्ध गराउने सेवासुविधाहरूमा होस् या सदस्यहरूले संस्थाबाट उपलब्ध स्रोतको प्रयोग गर्दा होस् या साधारण सभाबाट निर्वाचित भएका सञ्चालकबाट प्राप्त जिम्मेवारीको सदुपयोग गर्दा होस् निरन्तर अनुगमन, मूल्याङ्कन र नियन्त्रण गर्ने विधिलाई प्रभावकारी बनाइनेछ ।

**२६. ऐन, नियम र निर्देशनहरूको पालना**

संस्थाले सहकारी ऐन, नियमावली, संस्थाको विनियम, नीति तथा कार्यविधि एवम् निर्देशिकाहरूको पूर्ण पालना गर्न प्रतिबद्ध छ । नेपाल सरकारले सन्दर्भ ब्याजदर तोकी लागु गर्न दिएको निर्देशनलाई पूर्ण रूपमा पालना गरिएको छ ।

**२७. सामाजिक, सांस्कृतिक तथा वातावरणीय कार्य**

संस्थाले सहकारी संस्थाको मूल मर्म बमोजिम सदस्यहरूको आर्थिक विकाससँगसँगै सामाजिक, सांस्कृतिक तथा वातावरणीय विकासका क्षेत्रमा समेत योगदान पुर्‍याउने योजना बनाएको छ । स्थानीय सदस्यहरूको समेत सहभागितामा रहने गरी स्वास्थ्य शिविर, सरसफाइ र वृद्ध भोजनजस्ता सामाजिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**२८. ४ वर्षे परिकल्पना**

धान्याञ्चल बचत तथा ऋण सहकारी संस्थालाई उत्कृष्ट सहकारी तथा नमुना योग्य साकोस बनाउने लक्ष्यका साथ आगामी ४ वर्षका लागि निम्नानुसारको कार्ययोजनासहित 'धान्याञ्चल सहकारी वर्ष का रूपमा प्रस्ताव गरेको छ :

- गुणस्तर सुधार वर्ष
- सदस्यता वृद्धि वर्ष
- गुणस्तरीय सेवा प्रवर्द्धन वर्ष
- सेवा विस्तार वर्ष र
- संस्थागत सुशासन सुदृढीकरण वर्ष ।

**आवधिक बचत योजना**

- ☆ नि:शुल्क खाता खोल्न सकिने छ ।
- ☆ न्यूनतम रु. ५०००/-बाट खाता खोल्न सकिने ।
- ☆ समयावधि समाप्तिपछि एकमुष्ठ साँवा र ब्याज प्राप्त गर्न सकिने ।

| अवधि | त्रैमासिक | अर्धवार्षिक | वार्षिक | एकमुष्ठ |
|---|---|---|---|---|
| ३ महिना | - | - | - | १०% |
| ६ महिना | १०% | - | - | ११% |
| १ वर्ष | ११% | ११.५% | १२% | १२% |
| २ वर्ष | १२% | १२.५% | १३% | १४% |
| ३ वर्ष | १३% | १३.५% | १४% | १४.५% |
| ४ वर्ष | १३.५% | १४% | १४.५% | १५% |
| ५ वर्ष | १४% | १४.५% | १५% | १६% |

* शर्तहरु लागु हुनेछन् ।

| आ. व. | सहकारी वर्ष | उद्देश्य |
|---|---|---|
| २०७९/०८० | गुणस्तर सुधार वर्ष | संस्थाको कारोबार वृद्धि भइरहेको अवस्थामा स्तरीय सेवामार्फत स्वच्छ प्रतिस्पर्धामा अब्बल रूपमा स्थापित हुने । |
| २०८०/०८१ | सदस्यता वृद्धि वर्ष तथा सेवा विस्तार वर्ष | संस्थालाई प्रतिस्पधी बनाउन नयाँ बजारमा प्रवेश तथा पुराना निष्क्रिय सदस्यहरूको प्रतिस्थापन गर्ने र भौगोलिक दृष्टिले विभिन्न ठाउँमा रहेका सेयरधनीहरूलाई सेवासुविधा उपलब्ध गराउने । |
| २०८१/०८२ | गुणस्तरीय सेवा प्रवर्द्धन वर्ष | समयसापेक्ष प्रविधि तथा कानुनमैत्री संस्था बनाउन तथा प्रतिस्पर्धा र गुणस्तरसमेतलाई ध्यानमा राखी सेवा प्रदान गर्ने । |
| २०८२/०८३ | संस्थागत सुशासन सुदृढीकरण वर्ष | संस्थाको वित्तीय, प्रशासनिक, प्राविधिक लगायत सबै पक्षमा विद्यमान व्यवस्थामा सुधार ल्याउन तथा सुसासनको अवस्थालाई थप सशक्त बनाउने । |

आ.व. २०८०/०८१ लाई सदस्यता वृद्धि वर्ष तथा सेवा विस्तार वर्षको रूपमा लिनुको उदेश्य संस्थालाई प्रतिस्पर्धी बनाउन नयाँ बजारमा प्रवेश तथा पुराना निष्क्रिय सदस्यहरूको प्रतिस्थापन गर्ने र भौगोलिक दृष्टिले विभिन्न ठाउँमा रहेका सेयरधनीहरूलाई सेवासुविधा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरिएकोमा समग्र आर्थिक मन्दी एवं सहकारीप्रति देखिएका तमाम असरहरू, परिस्थिति तथा केही सहकारीमा विकृति तथा विसङ्गतिका कारणले सहकारी भनेको समुदायमा आधारित भएकाले, समुदायलाई यस विषयमा थप प्रस्ट पारी अगाडि बढ्नुपर्ने बाध्यात्मक परिस्थितिका बिच सोचे अनुसारको सफलता प्राप्त गर्न नसकेकोमा आगामी दिनमा त्यो अन्तरवस्तुलाई प्रस्ट पार्दै अगाडि बढ्ने र चालु आर्थिक वर्ष ०८१/८२ लाई गुणस्तरीय सेवा प्रवर्धन वर्षका रूपमा लिएकाले समयसापेक्ष प्रविधि तथा कानुनमैत्री संस्था बनाउन तथा प्रतिस्पर्धा र गुणस्तरसमेतलाई ध्यानमा राखी सेवा प्रदान गरिनेछ ।

**२९. धान्याञ्चल नियमित बचत खाता**

यस खाताअन्तर्गत सेयरधनीले अनिवार्य रूपमा १००० रूपैयाका दरले कम्तीमा एक वर्षसम्म खातामा जम्मा गर्नु पर्नेछ । खातामा जम्मा गरेबापत १२ प्रतिशतका दरले ब्याजसहित एकमुष्ट भुक्तानी गरिनेछ ।

**३०. कर्जा असुली वर्ष**

धान्याञ्चल बचत तथा ऋण सहकारी संस्थाले यस वर्षलाई कर्जा असुली वर्षको रूपमा अगाडि बढाएको छ । संस्थाबाट कर्जा लिईसकेपछि आलटाल गर्ने पटकपटक सम्पर्क गर्दा पनि सम्पर्कमा नआउने, सहकारीबाट लिएको ऋण नतिरेपनि हुन्छ भन्ने कुण्ठित मनसायबाट अगाडि बढेका केही ऋणीहरूलाई कानुनको कठघरामा ल्याई ऋण असुलीलाई प्रभावकारी बनाइनेछ । ऋण लिँदा सस्तो लोकप्रियता देखाउने तर लिइसकेपछि वास्ता नगर्ने ऋणीको पहिचान गरी कारवाही प्रकृयालाई अगाडि बढाइनेछ । अधिकतम ऋण लगानीको सीमा रू. १ करोड कायम गरिएको छ भने ऋण चुक्ता गरेको ७ दिनपछि मात्र अर्को ऋण उपलब्ध गराइनेछ । सकेसम्म धितो नराखि दिइने ऋणलाई निरूत्साहित गरिनेछ भने हाल प्रयोग भइरहेको कागजहरूलाई समयसापेक्ष परिमार्जन गरिएको छ भने यसै आर्थिक वर्षदेखि उत्पादनमूलक कार्यको लागि दिइने ऋणमा सहुलियत दर कायम गरिने छ । शैक्षिक तथा कृषि कर्जालाई थप प्राथमिकता दिइने छ ।

**३१. आ.व २०८१/८२ को अनुमानित आय–व्यय विवरण**

आदरणीय सदस्यहरू, आर्थिक सामाजिक समृद्धिको आधारशीला भन्ने Vision का साथ सहकारीमार्फत सदस्यहरूको आर्थिक स्तरका साथसाथै सामाजिक स्तरसमेत वृद्धि गर्न हामी १५ बर्षदेखि निरन्तर सहकारीसँग आबद्ध भइरहेका छौं। हामी सहकारीमा असल अभ्यास गर्दछौं र असल परिणामको अपेक्षा राख्दछौं । वित्तीय अनुशासन, पारदर्शी सेवा तथा सहकारीमार्फत सदस्यको आर्थिक सामाजिक रूपान्तरण गर्ने अठोट लिएर हरदिन आफ्नो कर्ममा जुट्दछौं । हामी हाम्रा अनुभवी व्यवस्थापन, उर्जाशील कर्मचारी र विश्वासी सदस्यको समुच्च शक्तिलाई लक्ष्य प्राप्तिमा लगाउछौं । संस्थालाई प्रभाव पार्न सक्ने आन्तरिक र बाह्य वातावरणमा

भइरहेका ससाना घटनालाई समेत ध्यान दिंदै सदस्यलाई बढीभन्दा बढी सेवासुविधा दिने तर्फ प्रयत्नशील रहन्छौं । उच्चतम लाभांश प्रस्ताव गर्नेतर्फ तल्लीन हुन्छौं । सदस्यलाई दिगो रूपमा सेवा दिन सक्ने सहकारीको रूपमा कामले चिनाउन चाहन्छौँ । यो संस्था साधारणसभामा मात्र नभई बर्षभरि नै विभिन्न कार्यक्रमहरूको साथमा सदस्यहरू माझ रहनेछ । सदस्यका बचत रकम सञ्चालक र कर्मचारीबाट सदस्य सरह नियमसङ्गत रूपले उपयोग गर्न बाहेक कुनै पनि प्रकारले दुरूपयोग हुन दिदैनौं भन्ने विश्वास यहाँ प्रकट गर्दछौँ । विगतका वर्षहरूमा खर्चमा मितव्ययिता अपनाइएको भए तापनि अनुमानित आयव्ययको विवरण तयार नगरी आर्थिक वर्ष सम्पन्न भएकोमा यस आर्थिक वर्षदेखि अनुमानित आयव्ययको विवरण यहाँहरूमाझ प्रस्तुत गरेको छु ।

**अनुमानित आय ब्यय विवरण**

| क्र.सं. | खर्च विववरण | २०८०/२०८१ को यथार्थ खर्च | २०८१/२०८२ को अनुमानित खर्च |
|---|---|---|---|
| १ | कर्मचारी खर्च | ३,०७०,२८८ ।४६ | २,५५०,००० ।०० |
| २ | घरभाडा खर्च | ४८३,९६६ ।०० | ५०५,००० ।०० |
| ३ | मसलन्द तथा छपाइ खर्च | ३७४,०२२ ।३५ | १५०,००० ।०० |
| ४ | ले.प. खर्च | ५६,५०० ।०० | ५६,५०० ।०० |
| ५ | आ.ले.प. खर्च | ३३,९०० ।०० | ३०,००० ।०० |
| ६ | विविध खर्च | १३५,७३६ ।८५ | १२५,००० ।०० |
| ७ | सदस्यता खर्च | ६,८२१ ।०० | १०,००० ।०० |
| ८ | कार्यालय खर्च / सञ्चालन खर्च | ३७,९०० ।०० | ३०,००० ।०० |
| ९ | विद्युत् तथा पानी खर्च | २२,६८० ।०० | ३०,००० ।०० |
| १० | सञ्चार खर्च | ४२,३०० ।०० | ४५,००० ।०० |
| ११ | इन्धन खर्च | ४८,६५५ ।०० | ५०,००० ।०० |
| १२ | मर्मत तथा सम्भार खर्च | ३०,४१४ ।८९ | ३०,००० ।०० |
| १३ | सफ्टवेयर खर्च | ४४,०७० ।०० | ६१,००० ।०० |
| १४ | अतिथि सत्कार खर्च | १०८,४८३ ।४८ | १००,००० ।०० |
| १५ | बिमा खर्च | १८,६६५ ।०० | ५०,००० ।०० |
| १६ | एस.एम.एस. खर्च | ३१,३०० ।०० | ३५,००० ।०० |
| १७ | सर्भर खर्च | ३२,०३५ ।५२ | ३३,६४० ।०० |
| १८ | हर्जना तथा जरिवाना खर्च | २७,०७३ ।०३ | १००,००० ।०० |
| १९ | तालिम खर्च | २१,१२५ ।०० | ३०,००० ।०० |
| २० | विज्ञापन खर्च | १६,६१० ।५० | १०,००० ।०० |
| २१ | भ्रमण खर्च | ७६,२१० ।०० | १००,००० ।०० |

| क्र.सं. | आम्दानी विववरण | २०८०/२०८१ को यथार्थ आय | २०८१/२०८२ को अनुमानित आय |
|---|---|---|---|
| १ | ब्याज आम्दानी | २०,६०२,५४० ।८३ | २०,१३८,४०० ।०० |
| २ | बैंक ब्याज आम्दानी | ८५,०३४ ।३५ | १२५,००० ।०० |
| ३ | प्रवेश शुल्क आम्दानी | १२७,५०० ।०० | १००,००० ।०० |
| ४ | हर्जना आम्दानी | १,६३२,३६२ ।२६ | १००,००० ।०० |
| ५ | सेवा शुल्क आम्दानी | १,३८९,४६० ।०० | १,३५०,००० ।०० |
| ६ | खाताबन्दी शुल्क आम्दानी | १२५,१०५ ।९२ | १००,००० ।०० |
| ७ | विविध आम्दानी | ३२०,५५३ ।५२ | ५०,००० ।०० |
| | | | |
| | **जम्मा आम्दानी** | **२४,२८२,५५६ ।८८** | **२१,९६३,४०० ।००** |

| क्र.सं. | विवरण | २०८०/२०८१ को यथार्थ | २०८१/२०८२ को अनुमानित |
|---|---|---|---|
| १ | नगद | १,२९९,५८७ \|०० | २,६००,००० \|०० |
| २ | बैंक | ४,७०९,०१९ \|२५ | २०,०००,००० \|०० |
| ३ | लगानी | १,७८७,४०० \|०० | १,९००,००० \|०० |
| ४ | ऋण लगानी | १२८,८७३,६३२ \|६६ | १२८,३४५,२६१ \|५१ |
| ५ | चालु सम्पत्ति | ११,१६२ \|१७ | २५,००० \|०० |
| ६ | स्थिर सम्पत्ति | ७५८,५३२ \|६८ | ७१०,००० \|०० |
| | **जम्मा** | **१३७,४३९,३३३ \|७६** | **१५३,५८०,२६१ \|५१** |

| क्र.सं. | विवरण | २०८०/२०८१ को यथार्थ | २०८१/२०८२ को अनुमानित |
|---|---|---|---|
| १ | सेयर पुँजी | २८,३२२,७०० \|०० | २८,०००,००० \|०० |
| २ | कोष हिसाब | ८,९५३,३१९ \|०० | ११,६४३,३३९ \|९४ |
| ३ | बचत तथा निक्षेप | ८०,२२२,१२९ \|२७ | ८५,०००,००० \|०० |
| ४ | बाह्य ऋण तथा सापटी | ७,७९१,६६५ \|९२ | १५,०००,००० \|०० |
| ५ | अन्य दायित्व | २,५९०,१६८ \|५५ | ४,३३६,९२० \|५५ |
| ६ | व्यवस्था | ९,५५९,३५१ \|०२ | ९,६००,००१ \|०२ |
| | **जम्मा** | **१३७,४३९,३३३ \|७६** | **१५३,५८०,२६१ \|५१** |

अन्त्यमा, संस्थाको स्थापनाकालदेखि संस्थालाई अगाडि बढाउन निरन्तर रूपमा हामीलाई प्रोत्साहित तथा सहयोग गर्ने सम्पूर्ण सेयरधनी महानुभावहरूमा विशेष आभार व्यक्त गर्दै उहाँहरूको अविस्मरणीय योगदानलाई उच्च मूल्याङ्कन गर्दछु । साथै सञ्चालक समितिका साथीहरू, यस संस्थाका लेखा सुपरीवेक्षण समिति, ऋण उप-समिति, शिक्षा, तथा युवा महिला, सांस्कृतिक, सूचना समितिका सदस्यहरूलगायत संस्थाको दैनिक व्यवस्थापनमा संलग्न सबै कर्मचारीहरूलाई पनि हालसम्मको उपलब्धिका लागि विशेष धन्यवाद व्यक्त गर्दछु । सबैको सुझाव, सल्लाह तथा सहयोगबाट यो संस्था अझै अगाडि बढ्ने विश्वासका साथ सम्पूर्ण उपस्थित शुभचिन्तक महानुभावहरुलाई पुनः स्वागत गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

जय सहकारी !!

## सहकारी शब्दावली

### एक्सेस

- एक्सेस एसियाली ऋण महासंघले विकास गरेको गुणस्तर मापन प्रणाली हो ।
- विभिन्न दृष्टिकोणबाट संस्थाको गुणस्तर परीक्षण गरी एसियाली ऋण महासंघले एसियाली स्तरको गुणस्तर प्रमाणीकरण गर्दछ ।
- नेपालमा नेफ्स्कुनले वि.स. २०६५ सालदेखि सदस्य संस्थाहरूको गुणस्तर विकासको लागि प्रयोगमा ल्याएको हो ।

### प्रोबेसन

- साकोसको राष्ट्रिय गुणस्तर प्रमाणीकरण कार्यक्रम हो ।
- नेफ्स्कुनले आफ्नो २१ औं साधारणसभाबाट विकास गरी सहकारी विभागसँगको सहकार्यमा वि.स.२०६९ सालदेखि सञ्चालनमा ल्याएको हो ।
- साकोसको अनुगमन तथा सुपरिवेक्षणमार्फत गुणस्तर विकासमा निश्चित सुचकहरूको परिक्षण गरी प्रमाणीकरण गरिन्छ ।

### कर्ब्स

- जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम साकोसमा आबद्ध सदस्यहरूको वित्तीयएवम् सामाजिक

सुरक्षाको प्रत्याभुतिका लागि सञ्चालनमा ल्याइएको हो । यसले साकोस सञ्चालनमा विद्यमान वित्तीयएवम् गैर वित्तीय जोखिमको पूर्वानुमान र व्यवस्थापन गर्नको लागि काम गर्दछ ।

- सहकारी विभाग समेतको सहभागितामा विकास गरिएको सुपरिवेक्षण औजारमा वित्तीय र सुशासन व्यवस्थापन गरी ७५ वटा सूचकहरूमार्फत विभिन्न क्षेत्रमा परीक्षण गरिन्छ ।

**निर्णयार्थ प्रस्तुत प्रस्तावहरू**

क) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८०/२०८१ को प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

ख) लेखा समितिको तर्फबाट लेखा संयोजकज्यूद्वारा प्रस्तुत आ.व. २०८०/२०८१ को प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

ग) आ.व. २०८०/२०८१ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात तथा नाफा/नोक्सान हिसाब छलफल पारित गर्ने ।

घ) आ.व. २०८१/२०८२को लागि लेखापरीक्षकको नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने ।

ङ) साधारण सभाको निर्णय पुस्तिका (माइन्युट) प्रमाणित गर्न शेयरधनीका तर्फबाट १० जना प्रतिनिधि छनौट गर्ने ।

च) संस्थाका नीतिहरूमा आवश्यक संशोधन गर्ने तथा थप आवश्यक नीति, निर्देशिका र कार्यविधि तयार गरी कार्यान्वयन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

छ) संस्था समायोजन (Merge) सम्बन्धी आवश्यक रणनीति तयार पार्ने ।

ज) संस्थाको भावी नीति तथा कार्यक्रम तय गरी पारित गर्ने ।

झ) विविध ।

धन्यवाद !
जय सहकारी !!

भविश्वर घिमिरे
अध्यक्ष

**अनुसूची २**
**(दफा ११(४) सँग सम्बन्धित)**
**लेखा समितिको तर्फबाट पन्ध्रौं वार्षिक साधारणसभा (२०८१ साल पौष २० गते, शनिबार) मा लेखा संयोजक श्री रामचन्द्र भुसालबाट प्रस्तुत प्रतिवेदनः**

धान्याञ्चल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको पन्ध्रौं वार्षिक साधारणसभाको अध्यक्षता गरिरहनुभएका यस संस्थाका आदरणीय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, सञ्चालक समितिका पदाधिकारीज्यूहरु, विभिन्न समितिका प्रतिनिधिज्यूहरु, सम्पूर्ण सेयरधनी महानुभावहरु, यस संस्थाका कर्मचारी मित्रहरु, यूवा, महिला, पत्रकार, कलाकार एवम् नागरिक समाजका प्रतिनिधि महानुभावहरु तथा अन्य यहाँ उपस्थित सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरुमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवम् अभिवादन गर्न चाहन्छु ।

**आमन्त्रित अतिथि एवम् सेयरधनी महानुभावहरू,**
यस सम्मानित साधारणसभा समक्ष धान्याञ्चल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आर्थिक प्रतिवेदनहरु र हामीले आर्थिक वर्ष २०८०।०८१ मा संस्थामा गरेको सुपरिवेक्षण र मूल्याङ्कनको आधारमा हामीले औंल्याएका सुझावहरु यस सम्मानित सभामा पेस गर्न गइरहेका छौं । सभामा उपस्थित सदस्यज्यूहरूले हामीले पेस गरेको प्रतिवेदनमाथि सूक्ष्म अध्ययन गरी संस्थाका सञ्चालक समिति तथा हामी लेखा सुपरिवेक्षण समितिका सदस्यहरूलाई आवश्यक रायसल्लाह प्रदान गर्नुहुनेछ भन्नेमा विश्वस्त छौं भन्दै संस्थाको आर्थिक वर्ष २०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रतिवेदन पेस गर्ने अनुमति चाहन्छु ।
यस सस्थाको आर्थिक वर्ष २०८०/०८१ के आर्थिक कारोवारको लेखासम्बन्धी सुपरिवेक्षणका लागि हामीलाई संस्थाको विनियमावली र साधारणसभाले सुम्पिएको जिम्मेवारी अनुसार संस्थाले गर्दै आइरहेको विविध क्रियाकलापको सुपरिवेक्षण कार्यलाई अनुशासित रूपमा सम्पन्न गरेको व्यहोरा उपस्थित सम्पूर्ण सदस्यज्यूहरूलाई अवगत गराउदछौं ।

**१. यस संस्थाको २०८१ असार मसान्तसम्मको कारोबारको विवरण :**

(क) चुक्ता सेयर पुँजी : २,८३,२२,७००:००
(ख) वचत (निक्षेप) : ८,०२,२२,१२९:२७
(ग) जगेडा तथा अन्य कोष : १,७६,१५,३६०:४०
(घ) नगद तथा बैंक मौज्दात : ६०,०८,६०६:२५
(ङ) कर्जा तथा सापटी : १२,८८,७३,६३२:६६
(च) स्थिर सम्पत्ति : ७,५८,५३२:६८
(छ) नाफा/नोक्सान : ३१,१३,६३५:०१

**२. सेयर तथा पुँजीकोषको अवस्था :**
संस्थाको चुत्ता **पुँजी** यस आर्थिक वर्षमा गत आर्थिक वर्षको तुलनामा ३.८२ ले कमी भएको देखिन्छ भने जगेडा तथा अन्य कोषमा अघिल्लो आर्थिक वर्षको तुलनामा ३६।४६ प्रतिशतले वृद्धि भएको देखिन्छ । यसरी संस्थाको समग्र सेयर तथा **पुँजी**कोषको औषत वृद्धिदर ८।४५ प्रतिशत रहेको र निक्षेप सङ्कलनमा भने अघिल्लो आर्थिक वर्षको तुलनामा ३.२३ प्रतिशतले वृद्धि भएको देखिन्छ । एकातर्फ **पुँजी**कोष वृद्धि हुने अर्कोतर्फ निक्षेपमा कमी आउने अवस्थाले लाभांश र संरक्षित **पुँजी** फिर्तिकोष भुक्तानी गर्दा सम्बन्धित सेयर सदस्यहरूको बचत खातामा भुक्तानी गर्नु पर्ने देखिन्छ । **पुँजी**कोष बढी हुने हुँदा संस्थाको जोखिम बहन गर्ने क्षमतामा वृद्धि हुने हुदा संस्थागत **पुँजी** बलियो हुने हाम्रो राय छ ।

**३. तरलताको अवस्था :**
संस्थाको यस आर्थिक वर्ष २०८०/०८१ मा कुल निक्षेपको ७.४९ प्रतिशत नगद तथा बैंक मौज्दात रहेको देखिन्छ । साथै बैंक तथा वित्तीय सस्था, सहकारी बैंक र संघसस्थामा रहेको वित्तीय लगानी कुल निक्षेपको २.२३ प्रतिशत रहेको अवस्था छ । समग्र तरल सम्पत्ति कुल निक्षेपको ९.४६ प्रतिशत रहेको अवस्था देखिन्छ । सहकारी मापदण्ड बमोजिम कम्तीमा १५ प्रतिशत रकम तरलता कायम गरी बाँकी रकमलाई विभिन्न उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने भए तापनि संस्थाको अधिक तरलताको अवस्थामा वर्तमान परिप्रेक्ष्यमा संस्थाको लगानी उपयोगी भएको हाम्रो अनुमान छ ।

**३. निक्षेप :**
सस्थाको निक्षेप सङ्कलनमा अघिल्लो आर्थिक वर्षको तुलनामा ३.२३ प्रतिशत अर्थात् २५,०७,४१०।१७ ले वृद्धि भएको

देखिन्छ । संस्थाले ठुला र अल्पकालीन निक्षेपलाई कम गरी मासिक अनिवार्य नियमित बचतजस्ता साना र जोखिम कम भएका निक्षेपलाई बढी प्राथमिकतामा राख्नुपर्ने देखिन्छ । सेयर सदस्यहरूलाई नियमित बचत गर्ने बानीको विकास गर्न नियमित बचत कार्यक्रम सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ । सदस्यहरूबाट सङ्कलित निक्षेपलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी आय आर्जनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । संस्थाले बचत परिचालन आन्तरिक कार्यविधि बनाई प्रति सदस्य निक्षेप सीमा निर्धारण गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

**४. कर्जा लगानी तथा सापटी :**

